# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ६ अङ्क १३ पूर्णाङ्क २५१ २०७८ असोज ४ गते सोमबार Monday, 20 Sep., 2021 पृष्ठ ८ मूल्य रू. १०।-


## सधैं सम्झिरहने कुशल संगठक र सालिन व्यक्तित्व कमरेड राममणी शर्मा



काठमाडौं । कम्युनिष्टको उर्बर भूमि भनेर चिनिने जिल्ला प्यूठान हो । सोही जिल्लाको सल्ली बेसी भन्ने ठाउँमा बुबा मणिराम शर्मा र आमा पुर्णकला शर्माको काखबाट २००३ साल असोज ६ गते जन्मिनु भएका अधिकारीको तिन भाई र तिन बहिनी मध्ये जेष्ठ सुपुत्र हुनुहुन्थ्यो । उहाँले प्युठानमा आफ्नो बाल्यकाल बिताउने भएता पनि २०२५/०२६ साल तिर बसाई सरेर बर्दिया आउनु भएको थियो। पहिल्यै देखी अन्याय अत्याचारका बिरुद्ध संघर्ष गर्न र रुचाउने अधिकारी *बाँकी ४ पेजमा*

# प्रतिगामी संविधान र एमसीसी सम्झौता खारेजीको माग




काठमाडौं । आइतबार देशैभर प्रतिगामी संविधान र एमसीसी सम्झौता खारेजीको चौतर्फी माग भएको छ । नेकपा (क्रान्तिकारी माओवादी), सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, अखिल नेपाल आदिवासी जनजाति महासंघ लगायतको आयोजनामा भएको कार्यक्रममा यस्तो माग भएको हो ।

०७२ साल असोज ३ गते दोस्रो संविधानसाभाबाट जारी भएको संविधानले विगतमा सञ्चालित जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, आदिवासी जनजाति आन्दोलन, महिला, दलित, मुस्लिम लगायतका आन्दोलनको मर्म र भावनालाई प्रतिनिधित्व गर्न नसकेको र पहिलो संविधानसभाको म्याण्डेट र अन्तरिम संविधानभन्दा प्रतिगामी रहेको भन्दै 'कालो संविधान'को रूपमा यसको देशव्यापी विरोध हुँदै आएको छ ।

संविधान कार्यान्वयनका ६ बर्षमा गरिएको अभ्यासले यो संविधान राष्ट्रिय स्वाधीनता, जनताको अधिकार र जनजीविकाको क्षेत्रमा रहेका विकराल समस्याहरू समाधान गर्न पूर्ण रूपमा असफल रहेको सिद्ध भएको छ । यसले केवल मुठ्ठिभर सामन्त, दलाल तथा नोकरशाही पुँजीपति वर्ग र विस्तारवादी तथा साम्राज्यवादी शक्तिकेन्द्रहरूको स्वार्थको रक्षाकवचको रूपमा मात्र काम गरेको छ ।

वर्तमान संविधानको यही अन्तर्वस्तु रहेका कारण यसको खारेजीको माग गर्दै नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र अखिल नेपाल आदिवासी जनजाति महासंघको संयुक्त आयोजनामा काठमाडौंमा आइतबार विरोधसभाको आयोजना गरियो । विरोधसभालाई नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका महासचिव परि थापाले सम्बोधन गर्दै प्रतिगामी संविधान र राष्ट्रघाती एमसीसी सम्झौताको खारेजीको माग गर्नुभयो । दशवर्षको जनयुद्धको जगमा भएको जनआन्दोलनको बलमा स्थापित पहिलो संविधानसभाले प्रगतिशील र अग्रगामी संविधान निर्माणको प्रक्रिया अगाडि बढाउँदै गर्दा षड्यन्त्रपूर्वक संविधानसभाको हत्या गरेर दोस्रो संविधानसभाको नौटंकी रचेर लेखिएको एक थान संविधान मूलतः प्रतिगामी रहेकोले यसको खारेजी हुनुपर्ने कुरामा जोड दिनु भयो । उहाँले यो व्यवस्था र संविधान फालेर अब जनताको नयाँ जनवादी व्यवस्था स्थापना हुनु अनिवार्य भइसकेको चर्चा गर्दै त्यसका लागि संघीय जनगणतन्त्रको नारा आफूहरूले अगाडि सारिसकेको बताउनु भयो । *बाँकी २ पेजमा*

## बाँकेको नेपालगञ्जमा २२ दलीय संयुक्त जुलुससहित विरोध कार्यक्रम सम्पन्न




बाँके । बाइस दलीय संयुक्त मोर्चा अन्तर्गतको बाँकेको नेपालगन्जमा ८ दलको संयुक्त *बाँकी ७ पेजमा*

## एमसीसी खारेजीको माग गर्दै दाङको घोराहीमा सभा सम्पन्न




❑ इश्वरी प्रसाद गैरे

दाङ । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी मााओवादी ) दाङको आयोजनामा घोराहीको ट्राफिक चोकमा शनिबार एमसीसी सम्झौता खारेजीको माग *बाँकी ७ पेजमा*

## क्रान्तिकारी माओवादी प्रदेश १ मा महासचिव किरणद्वारा र क्रान्तिकारी माओवादी प्रदेश २ मा प्रवक्ता हरिभक्त कँडेलद्वारा सम्बोधन

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) प्रदेश १ को बैठक सुनसरीको इटहरीमा सम्पन्न भएको छ । पार्टी महासचिव मोहन वैद्य किरणको विशेष उपस्थितिमा सम्पन्न बैठकले एकसाथ संगठन विस्तार र संघर्षका कार्यक्रममा जोड दिएको छ ।

पार्टी पीवीएम तथा प्रदेश १ का इन्चार्ज मिनकुमारका अनुसार बैठकले पार्टी केन्द्रको बैठकले गरेको निर्णय र सर्कुलरको आधारमा संगठन र संघर्षका कार्यक्रमहरूलाई प्रदेश र प्रदेश मातहतका जिल्लाहरूमा कार्यान्वयनका लागि ठोस योजना र कार्यक्रमहरू तय गरिएका छन् ।





इटहरीको संगित साधना प्रतिस्ठानको सभाहलमा तीन दिनसम्म चलेको बैठकमा प्रदेश सदस्यहरूका रिपोर्टको संश्लेषण गर्दै महासचिव किरणले पार्टीको रणनीति, कार्यनीति, कार्ययोजना र कार्यक्रमका विषयमा सविस्तार प्रशिक्षणात्मक मन्तव्य राख्नु भएको थियो । बैठकको सञ्चालन प्रदेश सेक्रेटरी सीताराम बुढाथोकीले गर्नुभएको थियो ।

बैठकले पार्टी, संयुक्त मोर्चा, जबस, मोर्चा लगायतका बैठक, भेला, सम्मेलनका कामलाई तीव्रता दिने र राष्ट्रिय स्वाधीनता, जनजीवीकाका मुद्दाहरूलाई लिएर जिल्ला र प्रदेश स्तरमा समेत संघर्षका कार्यक्रमलाई तीव्र पार्ने निर्णय गरेको छ।

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य तथा पार्टी प्रवक्ता हरिभक्त कँडेल प्रतीकले नेपालमा संसदवाद र संशोधनवाद पुर्ण रूपमा असफल भएको बताउनु भएको छ । २९ भदौमा *बाँकी ७ पेजमा*

## हिन्द–प्रशान्त महासागर क्षेत्रमा चीनको प्रभाव रोक्न अमेरिका, बेलायत र अस्ट्रेलियाबीच 'ओकस' विशेष सुरक्षा सम्झौता

वासिङ्टन । अमेरका, बेलायत र अस्ट्रेलियाले चीनको प्रभाव रोक्नका लागि भन्दै एक विशेष सुरक्षा सम्झौता गरेका छन् । चीनसँग प्रतिद्वन्द्विता बढिरहेका बेला अमेरिकाले अस्ट्रेलिया र बेलायतसँग नयाँ गठबन्धन बनाएको हो ।



बुधबार भिडियो मिटिङमार्फत अमेरिकी राष्ट्रपति जो बाइडेन, बेलायती प्रधानमन्त्री बोरिस जोन्सन र अस्ट्रेलियाली प्रधानमन्त्री स्कट मोरिसनले उक्त सम्झौताको घोषणा गरेका हुन् । तीन ठूला शक्तिराष्ट्रबीचको सम्झौताले चीनलाई थप चिढ्याउने सम्भावना रहेको छ । 'ओकस' नाम दिइएको उक्त सम्झौतामा *बाँकी ४ पेजमा*

# एमसीसी खारेजीको पक्षमा एकै ठाउँ उभिए काभ्रेका ६ दल






काठमाडौं । राष्ट्रघाती अमेरिकी परियोजना एमसीसीविरुद्ध काभ्रे जिल्लामा क्रियाशील ६ दल एकै ठाउँ उभिएका छन् ।

नेकपा (क्रान्तिकारी माओवादी)का सेक्रेटरी बसन्त, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष जितबहादुर लामा, नेपाल कम्युनिस्ट पार्टीको सेक्रेटरी प्रताप, वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी नेपालका सचिव प्रभात मोक्तान, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र समाजवादी)का अध्यक्ष योगेश राल्फाली र नेपाल कम्युनिस्ट पार्टीका *बाँकी ४ पेजमा*

## नेपालको संविधान २०७२ ले कुन वर्गको प्रतिनिधित्व गर्दछ ?

***दोस्रो संविधान सभाबाट यो संविधान जारी गर्दा देशभर खुसियाली मनाइनु पर्ने हो । तर त्यसो भएन । सेनालाई अलर्ट राखेर संविधान जारी गरिएको थियो । संविधान जारी हुँदाका दिन देशका विभिन्न भागमा त्यसको विरोधमा जुलुस प्रदशनहरू भएका थिए । कतिपय ठाउँमा साँझमा बल्याक आउट पनि गरिएको थियो । यी घटनाहरूबाट के कुरा प्रस्ट हुन्छ भने यो संविधान राष्ट्रिय सहमतिको आधारमा होइन ठूलो विवादको वीचबाट जारी गरिएको थियो***



● रामसिंह श्रीस ●

असोज ३ गते अर्थात् नेपालको संविधान २०७२ जारी भएको दिन । संविधान जारी हुँदाको दिन संविधानको विषयमा केही कुरा उल्लेख गर्नु उचित नै होला भन्ने ठानेर यहाँ सानो लेख (टिप्पणी) लेखेको छु। यो छोटो लेखमा संविधानका सबै पक्षमा चर्चा गर्न सम्भव छैन । त्यसकारण यस संविधानको सार बस्तुको बारेमा मात्र प्रकाश पार्ने प्रयास गरिएको छ ।

मुख्यत नेपाली काङग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को सहमतिको आधारमा वि.स २०७२ साल असोज ३ गते दोस्रो संविधान सभाबाट यो संविधान जारी गरिएको थियो । यो संविधानलाई नेका, एमाले र माओवादी केन्द्रले दक्षिण एसियाकै उत्कृष्ट संविधान हो भनेर भनेका छन् ।

दोस्रो संविधान सभाबाट यो संविधान जारी गर्दा देशभर खुसियाली मनाइनु पर्ने हो । तर त्यसो भएन । सेनालाई अलर्ट राखेर संविधान जारी गरिएको थियो । संविधान जारी हुँदाका दिन देशका विभिन्न भागमा त्यसको विरोधमा जुलुस प्रदशनहरू भएका थिए । कतिपय ठाउँमा साँझमा बल्याक आउट पनि गरिएको थियो । यी घटनाहरूबाट के कुरा प्रस्ट हुन्छ भने यो संविधान राष्ट्रिय सहमतिको आधारमा होइन ठूलो विवादको वीचबाट जारी गरिएको थियो ।

यो संविधान जारी हुँदा मुख्यत दुईवटा कोणबाट विरोध भएको थियो । पहिलो कोण आम नेपाली श्रमिक वर्ग र उत्पीडित जाति, आदिवासि जनजाति तथा समुदायको हितमा यो संविधान छैन । त्यसकारण ती वर्ग र समुदायको *बाँकी ७ पेजमा*

## सम्पादकीय

### कालो संविधान : खारेज गर !

नेपाली जनता खासगरी शोषित, उत्पीडित श्रमजीवी जनताले अधिकारका लागि लामो समयदेखि संघर्ष र बलिदान गरे । विगतका समग्र राजनीतिक संघर्षको उत्कर्षको रूपमा भएको दशबर्षको जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेस आन्दोलन लगायत अधिकारका लागि भएका समग्र आन्दोलनको उपलब्धिको रूपमा रहेको संविधानसभाबाट आफ्ना अधिकार संस्थागत हुनेमा जनता ढुक्क थिए । संविधान अग्रगामी र प्रगतिशील बन्ने अभ्यास हुँदै गर्दा पहिलो संविधानसभाको षड्यन्त्रपुर्वक हत्या भयो । जुन वर्ग र व्यवस्थाका विरुद्ध युद्ध र आन्दोलन भएका थिए, घुमाइफिराइ त्यही वर्ग र व्यवस्थाको पुनर्स्थापना हुने गरि दोस्रो संविधानसभाको चुनावको नाटंकी रचियो । ०७२ असोज ३ गते नयाँ संविधानको रूपमा एक थान संविधान जारी गरियो ।

नेपाली कांग्रेस, तत्कालीन नेकपा (एमाले) र एनेकपा (माओवादी) तथा तिनका समर्थकले संसारकै उत्कृष्ट, दक्षिण एसियामा सबैभन्दा प्रगतिशील र नेपालका लागि युगान्तकारी भन्दै त्यही प्रतिगामी संविधानको स्वागत गर्न आमनेपालीलाई आह्वान गरे । संवैधानिक विधि र लोकतान्त्रिक प्रक्रियाका आधारमा जारी नभएर हतार-हतारमा चार राजनीतिक दलले आफ्ना राजनीतिक स्वार्थअनुरूप वैशाख २५ गते गरेको १६ बुँदे प्रतिगामी सहमतिको आधारमा जारी गरेको संविधानले आदिवासी जनजाति, महिला, मधेसी, मुस्लिम, दलित, अपांगता भएका, खस तथा अन्य उपेक्षित/उत्पीडित वर्ग समुदायको भावना र चाहना पूरा गर्न सकेन ।

उनीहरूले संविधानलाई प्रतिगामी, यथास्थितिवादी र जनविरोधी भन्दै सुरुदेखि नै तीव्र विरोध गर्दै असोज ३ लाई कालो दिनको रूपमा विरोध जनाउँदै आइरहेका छन । अहिले सरकारले संविधान जारी भएको दिनमा टोल-टोल र घर-घरमा झन्डा फहराउन र दीपावली गरी उत्सव मनाउन आह्वान गरिरहँदा आदिवासी जनजाति, महिला, मधेसी, मुस्लिम, दलित, अपांगता भएका, खस तथा अन्य उपेक्षित/उत्पीडित वर्ग समुदायका जनता भने यसपालि पनि 'असोज तीन कालो दिन'को रूपमा मनाएका छन ।

यो संविधानको कार्यान्वयनको ६ बर्षको अभ्यासलाई हेर्ने हो भने संविधान जनविरोधी, प्रतिगामी रहेको पटक पटक पुष्टि भइसकेको छ । यसबीचमा देशको राष्ट्रिय स्वाधीनता, मुलुकमा रहेका चार अन्तरविरोध (वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक) र जनताका जनजीविका सवाल जर्जर र अझ विष्फोटक अवस्थामा रहेका छन् । भ्रष्टाचार, बेथिति, महंगी,कालोबजारी र करको भारीले सिमा नाघेको छ । बेरोजगारी समस्या भयावह छ । जनता रोगलेभन्दा भोकले मर्ने स्थिति पैदा भएको छ । राज्यका सबै निकाय जनतालाई सेवा प्रदान गर्न होइन लुट्नमा ब्यस्त छन् । जनसर्वसाधारणले न्याय पाउने स्थिति छैन । जनताको स्थिति निकै भयावह, आक्रान्त र दयनीय छ । शिक्षा र स्वास्थ्यलाई मौलिक हक भनी उल्लेख गरिएको छ, यसैमा चरम निजीकरण, व्यापारीकरण र माफियाकरण छ । जनताले स्वास्थ्य उपचार पाउने स्थिति छैन । जनता अहिले मरता तो क्या नइ करताको स्थितिमा पुगेका छन् ।

जनताको यो हालत बनाउने यो दलाल संसदीय व्यवस्था, सत्ता र संविधान अब फाल्नुको विकल्प छैन । यसको विकल्पमा अब संघीय जनगणतन्त्रको स्थापना गर्नु पर्दछ । त्यसका लागि सच्चा देशभक्त, वामपन्थी र कम्युनिस्ट क्रान्तिकारीहरूले निर्णायक संघर्षको उठान गर्न अपरिहार्य बनिसकेको छ ।

**परिवर्तनको सम्वाहक**




**सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।**

**www.moolbato.com**

# स्वाधीनता, शान्ति, सद्भाव र समृद्धि दिन असमर्थ बन्दैछ संविधान



लोकनारायण सुबेदी

***संघीयतालाई परिवर्तित नेपालको आजको बिकासको लागि आवश्यक र उपयोगी संरचना मान्नेहरू पनि धेरैजसो हचुवा तरिकाले जथाभावी रेखा कोर्दै हिडे । एकथरीले भौगोलिक-प्रशासनिक रूपमा यसलाई बढी तन्काउन खोजे भने अर्कोथरीले साँस्कृतिक मनोबैज्ञानिक पक्षलाई बढी जोड दिने काम गरे । जबकि यी दुबै पक्षको समन्वयले मात्र सही किसिमले संघीय संरचना बन्थ्यो, बन्छ र त्यसले नेपाली जनतामा नयाँ किसिमले एकता, समभाव, परस्पर सद्भाव र सहयोगी प्रबृत्तिलाई अझ बढी प्रभावकारीरूपमा अघि बढाउन मद्दत पुग्दथ्यो, पुग्दछ***

झण्डै एक दशकको बिसंगतिपूर्ण उतार-चढाव पछि ठूलो भूकम्पको कोलाहल र पीडाका बीच एक थान संविधान त आयो २०७२ असौज ३ गते । तर संविधान सभाको गरिमा र गौरबलाई खुइल्याएर त्यसप्रतिनै बितृष्णा जाग्नेगरी त्यहाँ पुगेका राजनीतिक दलहरूले दुइ दुइ पटक यसको नराम्रोसँग हुर्मत लिएपछि अबाञ्छित द्वन्द्व र दमनको श्रृङ्खलाकाबीच संविधान सभाबाट संबिधानको घोषणा भएको थियो । ब्यापक राष्ट्रिय सहमतिको पृष्ठभूमि बनाएर यो आउन सकेन । त्यस्तो परिबेश र परिप्रेक्ष बनाउने ठोस प्रयत्न पनि गरिएन । बरू त्यस्तो अनिश्चय र अराजकताको माहोल बीच आएको यो संविधानको जयगान शुरु गरियो र अहिले पनि गरिदैरहेको छ

त्यसबेला यसले समाधान दिन नसकेका र भावी दिनमा त्यसले ल्याउने परिणामबारे कुनै ठोस र बस्तुगत बिश्लेषण नगरी यो संबिधान स्तोत्रपाठ गर्न शुरु गरिएको थियो । वास्तबमा यसको समर्थन र बिरोधमा बस्तुगत यथार्थभन्दा बढीयसमा पूर्वाग्रह, प्रतिशोध, गलत शैली र पुरानै बाटोमा फर्काउन खोज्ने मुढाग्रहले समेत काम गरिरहेको छर्लङ्ग देखिन्छ ।यी सबै मनोबैज्ञानिक कुराका पछाडि बाह्य तत्वको प्रभाव पनि कतै निकै गाढा र कतै हल्का किसिमले मिसिएको कुरा समेत जगजाहेर नै छ । आजको दुनियाँमा यसलाई कसैले हिजोको जस्तो लुकाउन छिपाउन पनि सक्तैन । त्यसैले घोषित नयाँ संविधानले स्वाधीनता, समृद्धि र शान्ति दिन सक्ला त ? भन्ने ज्वलन्त प्रश्न त्यतिबेलै खडा भएको थियो र त्यो प्रश्न अहिले पनि ज्वलन्तरूपमा उठिरहेको छ र यो संबिधान र यसले खडा गरेको ब्यवस्थामाथि नै अब प्रश्न उठ्न थालेको र बिकल्पको माग हुन थालेको छ ।

अन्य महत्वपूर्ण बिषयका अतिरिक्त यो संविधान सभाको मुख्य बिवादकोबिषय संघीयतालाई बनाइयो र त्यसबाटजनतालाई उक्साउने भड्काउने र संकीर्ण स्वार्थ सिद्ध गर्ने काम पनि गरियो । त्यो समस्या अहिले पनि अन्तिम टुंगोमा नपुगी कायमै छ । वास्तवमा यो बिवाद आइसके पछि यसका बारेमा ब्यापक, गम्भीर,सार्थक अध्ययन र बिचार बिमर्श गरेर जनतालाई परस्पर सहयोगी र सौहार्द्रपूर्णरूपमा अझ बढी सुदृढ किसिमले कसरी एकताबद्ध तुल्याउन र राष्ट्रिय एकतालाई अझ बलियो बनाउन सकिन्छ भन्ने कुराको खोजी गर्नुको साटो एकथरीले हिजोकै असफल भईसकेको केन्द्रिकृत एकात्मक सामन्ती पद्धतिकै अनुसरण गर्ने प्रत्यक्ष परोक्ष वकालत गर्दै संघीयता भनेको बिभाजन, बिखण्डन र बिभेदको बाटो हो भन्ने धुँवाधार प्रचार गर्न थाले भने अर्कोथरिले यसलाई सबै किसिमका शोषण उत्पीडन र बिभेदको अन्त्य गर्ने मूल बाटो हो भन्ने मनगढन्ते कुरा गर्नथाले । यद्यपि तिनले कुनै ठोस आधार,मूल्य र बिचार पद्धतिमा रहेर त्यसको औचित्य र आवश्यकताको बोध गराउन सकेनन् र सक्ने पनि थिएनन् । किनभने यी दुइ अतिबादी सोचका अतिबादी ध्रुब थिए र अतिबादी मनोबिज्ञानबाट देश र जनतालाई अल्मल्याउने र फाइदा उठाउने काम संबिधान निर्माणको त्यो आठ बर्षयता धेरै नै भयो । जसको परिणाम अहिले पनि समाज बिभाजित छ । परस्पर अबिश्वासको बिजारोपण भएको र एक अर्कामा सन्देहको स्थिति सिर्जना गरिएको छ । यसको कारण देशको राजनीतिक परिवर्तनलाई ब्यापक जनता र देशको राष्ट्रिय हितमा 'दूरदृष्टि र प्रष्ट उदेश्य' अर्थात् 'भिजन र मिशन'लाई गुमराह गर्ने ठूला दल र तिनका पछि पछि पद, पैसा,प्रतिष्ठा के के न पाईन्छ भनेर दगुर्ने दास मनोबृत्तिका तथाकथित बुद्धिजीवीहरू हुन् भन्ने कुरा प्रष्ट छ । यसमा आम नेपालीजनताको कुनै दोष छैन ।

संघीयतालाई परिवर्तित नेपालको आजको बिकासको लागि आवश्यक र उपयोगी संरचना मान्नेहरू पनि धेरैजसो हचुवा तरिकाले जथाभावी रेखा कोर्दै हिडे । एकथरीले भौगोलिक-प्रशासनिक रूपमा यसलाई बढी तन्काउन खोजे भने अर्कोथरीले साँस्कृतिक मनोबैज्ञानिक पक्षलाई बढी जोड दिने काम गरे । जबकि यी दुबै पक्षको समन्वयले मात्र सही किसिमले संघीय संरचना बन्थ्यो, बन्छ र त्यसले नेपाली जनतामा नयाँ किसिमले एकता, समभाव, परस्पर सद्भाव र सहयोगी प्रबृत्तिलाई अझ बढी प्रभावकारीरूपमा अघि बढाउन मद्दत पुग्दथ्यो, पुग्दछ । तर बिकृत रूपमा संघीयताको मुद्दालाई उछालेर चल्दा आज पनि देशका धेरै जनसमुदाय खासगरी मधेशी र जनजातिहरू असन्तुष्ट अवस्थामा छन् । अवाञ्छित मुठभेडले जन धनको ठूलो क्षति भइसकेको छ ।साम्प्रदायिक र सामुदायिक ध्रुबीकरण बढ्दै गएको छ । यस्तो स्थिति र सत्ताको लुछाचुँडीको अनन्त र अबाञ्छित खेलतमासाले गर्दा बिदेशी शक्ति केन्द्रहरूले नेपालमा प्रवेश गर्ने र परेड खेल्ने थप नयाँ आधार पाइरहेका छन् । यो वास्तवमा कथित मूलधारका राजनीतिक नेतृत्वको अदूरदर्शीता र घोर लाचारीपनाकै दुष्परिणाम हो । यसले गर्दा नेपालका भावी दिनहरू सहज र सुनिश्चित नरहने स्थिति कायमै छ । नेपाली जनताको एकतालाई सुदृढ तुल्याएर त्यसबाट उर्जा प्राप्त गर्ने दूर दृष्टिको राजनीतिक नेतृत्वको अभावमा फेरि पनि नेपाल र नेपाली जनता यो असहज बाटोमा हिड्न अभिशप्त छ ।

हुन पनि प्रष्ट परिभाषाका साथ पारदर्शी किसिमले पहिचानलाई ब्यापक अर्थमा नलिई यसलाई साँघुरो जातिबादको घेरामा बन्दी बनाएर ब्याख्या गर्ने गर्दायो पहिचान अहिले पनि केवल शब्दमा मात्र सीमित हुन पुग्यो । त्यही कुरा सामर्थ्यको हकमा पनि लागू भयो । यद्यपि पहिचान र सामर्थ्य शब्दलाई संविधानले फराकिलो अर्थमा नभै संकीर्ण अर्थमा अहिले पनि काखी च्यापेकै छ । पहिचान भनेको 'जातीयता' र सामर्थ्य भनेको 'थोरै प्रदेश' भन्ने अर्थमा मात्र यसलाई साँघुरो हिसावले लिइएको देखिन्छ भने यी दुबै कुरालाई अस्वीकार गर्ने बहुपहिचानको अर्को भ्रान्त धारणा पनि रहेकै हो । वास्तवमा पहिचानलाई सभ्यता बिकासको आधारमा परिभाषित गरेको भए नृबंश, मूल्यपद्धति, भाषा, धर्म, सँस्कृति, इतिहास,परम्परा, आर्थिक जीवन, समुदायको मनोबैज्ञानिक संरचना, र निश्चित भूखण्डको परस्पर मानबीय सम्वन्ध तथा तिनको साझा अपेक्षा जस्ता कुरा समेटिने थिए । तर त्यसो नगरेर जातियताका आधारमा एकातिर त्यो उरालियो । अर्कोतिर भौगोलिक प्रशासनिक आधारमा संघीयताको नाम दिएर बिकेन्द्रीकरणमा मात्र सीमित गर्ने बाटो पक्रिन खोजियो

यसरी सिद्धान्त एउटा बनाउने र बाटो अर्को पक्रिने गर्दा समस्या उठेको र सन्देह पैदा भएको प्रष्ट छ । अहिले उत्पन्न भएको समस्याको आधार पनि त्यही नै हो । वास्तवमा अधिकार सम्पन्न संघीय संरचनामा जाने र तलैदेखि शासनप्रशासन सञ्चालनमा जनताको सक्रिय सहभागिता, सुगम हुने हिसावले यसको संरचना गर्दा जन सद्भाव त अझ सुदृढ हुन्थ्यो नै किनकि त्यसले स्वशासन सहितको बिकासको बाटो खोल्दथ्यो । वास्तवमा जनताले चाहेको त बस्तुतः छिटो छरितो बिकास, अग्रगति र सुनिश्चित भबिष्य नै हो । यस प्रकारको संघीयताले लागतखर्च पनि कम हुन्थ्यो । जुन कुराको बन्दोबस्त यो संविधानले गर्न सकेको छैन र अधिकार कम हल्ला मात्र बढी हुने देखिएको छ ।

आजको बिश्वमा 'बिगर इज बेटर' भन्ने औद्योगिक क्रान्तिको जमानाको कुराभन्दा 'स्मल इज ब्यूटिफुल' भन्ने नयाँ जन सुगमता र जन आधारित मान्यताले बिकासका लागि मानबीय र श्रोत साधनको परिचालन र परिणाम राम्रो, किफायती र प्रभावकारी हुने महत्वपूर्ण कुरालाई ध्यानमा राखेर राज्यको पुनर्संरचना गर्नु अत्यावश्यक थियो । यस आधारमा गरिएको भए बिकासमा जन सक्रियता बृद्धि हुने बातावरण बन्न गई संघीयताको लागतमा पनि कमी आउने थियो । अनि सामाजिक सद्भाव कायम गर्न र शासन-प्रशासन चलाउन पनि बढी सहज हुने थियो । तर आफुलाई मूलधारमा रहेका हौ भन्ने दलहरूले यो कुरा बुझ्नै चाहेनन् ।

'ब्यवस्थापकीय शासन' को आजको जमानाको अबधारणा र आवश्यकतालाई बुझ्न बुझाउन नचाहने र पुरानै मानसिकतामा रहेको हाम्रो राजनीतिक नेतृत्वले साना राष्ट्रहरू र त्यहाँको सुन्दर ब्यवस्थापनले ठूला राष्ट्रहरूको भन्दा छिटो, छरितो, किफायती र सुगम किसिमले उल्लेख्य बृद्धि दरका हिसावले बिकास गरेको यथार्थलाई आत्मसात गर्न सकेनन् । केवल प्रदेशको प्रशासनिक र सरकारी खर्चको वरिपरि मात्र तिनको आँखा लाग्यो र केन्द्रित भयो । जनतालाई हरेक किसिमले अधिकार सम्पन्न तुल्याउन सकिने वास्तबिकताको आधारमा नभै भावनात्मक आवेगका आधारमा मनोगतबादी छायाँ संघर्ष चलाएर समस्याको समाधान हुदैन ।यसरी देश र जनता बलियो हुदैनन् । भइरहेका छैनन् ।

यसरी घोषित संविधानले पनि यो समस्यालाई सही किसिमले समाधान दिने मार्ग प्रसस्त गर्न सकेन भने संविधान सभावाट संविधान बनाउने र घोषणा गर्ने जनताको चीर आकांक्षा बाहेक अरु सबैजसो कुरा निरर्थक साबित हुन पुग्ने खतरा बढ्दो छ । जनताले आफुलाई हरेक किसिमले अर्थात् राजनीतिक, आर्थिक, समाजिक तथा साँस्कृतिक रूपमा सबल, सक्षम, सार्थक भएर यथार्थमा सार्वभौम हुन चाहेका हुन् । खोक्रो सार्बभौमिकताको राग रटिरहन र आफु सँधै कमजोर रहीरहन चाहेका होइनन् ।

यस आधारमा संविधानको समीक्षा गर्दै जनतालाई साँच्चै नै बलियोबनाउने दिशामा यसलाई अहिले नै परिमार्जन गरिहाल्नुपर्दछ र निरन्तर गर्दै जाने प्रक्रियालाई गति दिइरहनुपर्दछ । नेपाललाई सँधै प्रूयोगशाला बनाइराख्ने कुनै पनि बहाना कसैलाई दिईनु हुँदैन । त्यो बिकासको होइन बिनाशको बाटोहो भन्ने यथार्थलाई जिम्मेवार सबैले बेला नभिड्किदै आत्मसात गर्नुपर्दछ ।

अनि संविधान दिबसमा यसको स्तोत्र पाठ गरेर मात्रै केही हुदैन । यसलाई जनता र मुलुकको हित हुने गरी ब्यवहारमा लागू हुन सक्ने र ब्यवहारमा सार्थकरूपमा खरो उतार्न सकिने हुनु पर्दछ । अन्यथा बिकल्प अनिबार्य हुन्छ । यो इतिहासको नियम नै हो । सही नेतृत्व पायो भने बिकल्पले जनता र राष्ट्रलाई सुनिश्चित भबिष्यको अग्रगामी दिशामा डोराउन सक्छ । अन्यथा बिनाश र अनिश्चितताको अँध्यारो सुरङमा मुलुक नराम्री फस्ने अबाञ्छित दुष्परिणाम प्रकट हुने निश्चित छ ।

## प्रतिगामी...

गणतन्त्र, धर्मनिपेक्षता, समानुपातिक, समावेशी र संघीयता रूप पक्षका मात्रात्मक उपलब्धि भए पनि सारतः त्यसले विगतका युद्ध र आन्दोलनको मर्म र भावना बोक्न नसकेको र यो दलाल तथा नोरकरशाही पुँजीपति दलाल वर्गको स्वार्थको रक्षक मात्र बन्न पुगेको बताउनु भयो ।

नेता थापाले भन्नुभयो, "यी लवस्तरा दलाल नेताहरूले लेख्न मिल्ने भए गणतन्त्रलाई पनि राजतन्त्रसहितको गणतन्त्र लेख्ने थिएँ ।"

उहाँले अगाडि भन्नुभयो, "अहिले नै खाल्डो खनेर पुर्नपर्ने व्यवस्था हामीले भोगिरहेका छौं । जतिसक्दो यो व्यवस्था फालेर नयाँ जनवादी व्यवस्था ल्याउन आवश्यक छ ।'

उहाँले एमसीसी सम्झौता नेपालको लागि निकै घातक भएको भन्दै अमेरिकाको एउटा कम्पनीसँग प्रोटोकल समेत नमिलाइ गरिएको यो सम्झौता सम्झौतै नभएको दावी गर्नुभयो । एउटा कम्पनीको कर्मचारीलाई वहालवाला प्रधानमन्त्रीदेखि पूर्वप्रधानमन्त्रीहरूले समेत निकै महत्व दिएर गरेको भेटघाटले देशकै शीर निहुरियाएको चर्चा गर्दै उहाँले एमसीसी सम्झौता अनुसार कुनै नेपालीको मृत्यु भएमा पनि त्यो कम्पनीलाई कारबाही गर्न नपाउने सम्मका सर्त रहेको एमसीसी सम्झौता सदनबाट पारित गर्न खोजेर कांग्रेस, एमाले र माओवादी केन्द्रका नेताहरूले आफ्नो दलाली र हुतिहारा चरित्र प्रदर्शन गरेको आरोप लगाउनु भयो ।

विरोधसभालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का पोलिटब्यूरो सदस्य तथा प्रदेश ३ का इन्चार्ज दिनेश शर्मा सागरले ०७२ को संविधान संसदीय व्यवस्थाको अन्त्य गरेर मुलुकमा नयाँ जनवादी राज्यव्यवस्था स्थापनाका लागि संघर्ष गरेका जनताको लागि गम्भिर धोका भएको बताउनु भयो । यो संविधान ०४७ सालकै संविधानको विस्तारित रूप भएको चर्चा गर्दै यसको खारेजी अपरिहार्य रहेकोमा जोड दिनुभयो । जनविरोधी र प्रतिगामी अन्तर्वस्तु रहेको यो संविधान नेपाली जनताको दुःखको कारणको रूपमा रहेको भन्दै उहाँले राष्ट्रिय स्वाधीनता, जनअधिकार र जनजीविकाका विकराल समस्याहरू यो संविधान र व्यवस्थाले समाधान गर्न नसक्ने पटक पटक पुष्टि भइसकेकोले यसको खारेजी अनिवार्य भएको जिकिर गर्नुभयो ।

उहाँले नेपाली जनताको वीरताको इतिहासमाथि चर्चा गर्दै विस्तारवादी र साम्राज्यवादीहरूले नेपालको स्वाधीनतामाथि हस्तक्षेप गर्न खोजे नेपाल उनीहरूको चिहान बन्ने चेतावनी दिनुभयो । उहाँले भन्नुभयो, "विस्तारवाद र साम्राज्यवादलाई धुलोपिठो पार्न नेपाली जनता तयार छन् र सक्षम पनि छन् ।"

उहाँले अब आन्दोलन क्रान्तिको आँधीबेहरी सृष्टि गरेर सबै खाले दलाल, अवसरवादी र प्रतिक्रियावादीहरूलाई बढार्ने र नेपालमा जनताको जनवादी व्यवस्थाको स्थापना गरेरै छाड्ने दाबी गर्नुभयो ।

त्यसैगरी विरोधसभालाई सम्बोधन गर्दै अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष प्रा.डा. ओम गुरुङले पनि आदिवासी जनजाति, मधेसी, महिला, दलित, मुस्लिम लगायत तमाम शोषित उत्पीडित वर्ग र समुदायका अधिकारहरू यो संविधान कुण्ठित गरेको र संघीयता पनि केवल नाम मात्रको रहेको भन्दै यो संविधान खारेज हुनुपर्ने माग दोहोऱ्याउनु भयो ।

उहाँले एमसीसी सम्झौता सदनबाट पास भयो भने नेपाल अमेरिकाको साम्राज्यवादी मिसनको अखडा बन्ने भन्दै देशको स्वाधीनता जोगाउन सम्पूर्ण आदिवासी जनजातिहरू एकजुट भएर एमसीसी खारेजीको आन्दोलनमा उत्रनुपर्नेमा जोड दिनुभयो ।

संघीय जनगणतन्त्र स्थापनाको लागि संघर्ष गरौ, प्रतिगामी संविधान र एमसीसी खारेज गरौं भन्ने मूल नाराका साथ आयोजित विरोधसभाको सञ्चालन देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका प्रदेश ३का अध्यक्ष पवनमान श्रेष्ठले सञ्चालन गर्नुभएको थियो ।

विरोधसभाको अन्त्यमा प्रतिगामी संविधान खारेज गर, राष्ट्रघाती एमसीसी खारेज गर, संघीय जनगगणतन्त्रको स्थापना गरौ, जनसंविधान जिन्दावाद, अमेरिकी साम्राज्यवाद मूर्दावाद, राष्ट्रिय स्वाधीनता जिन्दवाद लगायतका नाराहरू लगाइएका थिए ।

त्यसैगरी सातवटै प्रदेशका विभिन्न जिल्लाहरूमा पनि संविधान र एमसीसी खारेजीको माग गर्दै विभिन्न कार्यक्रमहरू भएका छन् ।

# 'यसकारण पश्चगामी र प्रतिगामी छ संविधान : संशोधन होइन खारेज गर्नुपर्छ'



● ओम गुरुङ ●

*पृष्ठभूमि*

लामो पर्खाइपछि ०७२ असोज ३ गते नयाँ संविधान जारी हुँदा नेपाली कांग्रेस, तत्कालीन नेकपा (एमाले) र एनेकपा (माओवादी) तथा तिनका समर्थकले संसारकै उत्कृष्ट, दक्षिण एसियामा सबैभन्दा प्रगतिशील र नेपालका लागि युगान्तकारी भन्दै संविधानको स्वागत गर्न आमनेपालीलाई आह्वान गरे । तर, संवैधानिक विधि र लोकतान्त्रिक प्रक्रियाका आधारमा जारी नभएर हतार-हतारमा चार राजनीतिक दलले आफ्ना राजनीतिक स्वार्थअनुरूप वैशाख २५ गते गरेको १६ बुँदे प्रतिगामी सहमतिको आधारमा जारी गरेको संविधानले आदिवासी जनजाति, महिला, मधेसी, मुस्लिम, दलित, अपांगता भएका, खस तथा अन्य उपेक्षित/उत्पीडित वर्ग समुदायको भावना र चाहना पूरा गर्न सकेन ।

उनीहरूले संविधानलाई प्रतिगामी, यथास्थितिवादी र जनविरोधी भन्दै सुरुदेखि नै तीव्र विरोध गर्दै असोज ३ लाई कालो दिनको रूपमा विरोध जनाउँदै आइरहेका छन् । अहिले सरकारले संविधान जारी भएको दिनमा टोल-टोल र घर-घरमा झन्डा फहराउन र दीपावली गरी उत्सव मनाउन आह्वान गरिरहँदा आदिवासी जनजाति, महिला, मधेसी, मुस्लिम, दलित, अपांगता भएका, खस तथा अन्य उपेक्षित/उत्पीडित वर्ग समुदायका जनता भने यसपालि पनि 'असोज तीन कालो दिन'को रूपमा मनाउने तयारीमा छन् । लेखमा संविधानलाई उपेक्षित/उत्पीडित वर्ग समुदायका जनता र खासगरी आदिवासी जनजातिले किन अस्वीकार गरे भन्नेबारे छोटो चर्चा गरिनेछ ।

*बहुराष्ट्रिय राज्यको भावनाविपरीत*

नेपालको मूल समस्या भनेकै समाज बहुजातीय, तर राज्य एकल जातीय हुनु हो । समाजको बनोटअनुसार राज्यको बनोट हुनुपर्छ भन्ने आदिवासी जनजातिको मूल माग हो । समाज र राज्यको स्वरूप कस्तो हुनुपर्छ भन्नेबारे संविधानमा ठूलो अवधारणागत समस्या छ । संविधान राज्य, राष्ट्र, भाषा, धर्मका सन्दर्भमा अस्पष्ट छ । जाति र राष्ट्र समानार्थी शब्द हुन् ।

साझा भाषा, साझा इतिहास, साझा धर्म संस्कृति, साझा भूगोल र साझा मनोविज्ञान भएका समुदायलाई जाति वा राष्ट्र भनिन्छ तथा नेपालमा त्यस्ता साझा भाषा, साझा इतिहास, साझा धर्म संस्कृति, साझा भूगोल र साझा मनोविज्ञान भएका समुदायलाई आदिवासी जनजाति भनिन्छ । आदिवासी जनजाति देशको भौगोलिक अखण्डता कायम राखेर आफ्नो पुर्ख्यौली क्षेत्रमा स्वायत्त शासनको अधिकार अभ्यास गर्न चाहन्छन् ।

जाति/राष्ट्रका आधारमा राज्य बन्ने अन्तर्राष्ट्रिय राजनीतिक र कानुनी मान्यताप्राप्त प्रचलन पनि हो । तर, संविधानमा स्वशासन र स्वायत्तताको अधिकारबाट उत्पीडित जाति/समुदायलाई वञ्चित गराई बहुराष्ट्रिय देशलाई एकल राष्ट्र-राज्यको रूपमा परिभाषा गर्न खोजियो । बहुराष्ट्रिय देशमा एकल जाति, भाषा, धर्म तथा संस्कृतिको संरक्षण गर्नु नै नेपाली राष्ट्रवादको विकास गर्नु हो भन्ने एकल राष्ट्रवादी चिन्तन शासकहरूले बोकेका छन् ।

यस्तो चिन्तनलाई संविधानले वैधानिकता प्रदान गरेको छ । त्यसैकारण संविधानमा बहुजातीय राज्य भन्ने शब्द पाइँदैन । राज्यको स्वरूपबाट 'बहुजातीय राज्य' हटाउनु भनेको अढाइ सय वर्षदेखि चलिआएको एकलजातीय राज्यद्वारा बहिष्करणमा पारिएका आदिवासी जनजाति, मधेसी तथा मुस्लिम समुदायको केन्द्रीकृत एकात्मक पितृसत्तात्मक सामन्ती राज्यलाई पुनर्संरचना गर्ने चाहनालाई इन्कार गर्नु हो । यसैगरी, संविधानमा नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गरिएको छ । तर, सनातनदेखि चलिआएको धर्मको संरक्षण गर्नु धर्मनिरपेक्षताको सार मानिएको छ । यसो गर्नु भनेको हिन्दू धर्मकै निरन्तरता हो ।

निरन्तरताकै लागि आदिवासी जनजाति, मुस्लिम आदि समुदायले अस्वीकार गर्दै आएको गाईलाई नै राष्ट्रिय जनावर र सिम्रिकलाई पुनः राष्ट्रिय रंगको मान्यता दिइएको छ । यसका अतिरिक्त धार्मिक स्वतन्त्रताका नाममा व्यक्तिले स्वइच्छानुसार जुनसुकै धर्म मान्न पाउने/नपाउने वा धर्म परिवर्तन गर्न पाउने/नपाउने अधिकारमाथि बन्देज लगाइएको छ । यस्तो बन्देज लागाउनु मानव अधिकारको पनि उल्लंघन हो ।

सारमा संविधानले धर्मनिरपेक्ष राज्यको आवरणमा हिन्दू राज्यकै व्यावहारिक रूपलाई पुनः निरन्तरता दिएको छ । साथै, संविधानले देवनागरी लिपिमा नेपाली भाषालाई सरकारी कामकाजको भाषा बनाएर भाषाको क्षेत्रमा नेपाली भाषाको एकाधिकारवादलाई पुनःस्थापित गरेको छ । जाति, भाषा, धर्म संस्कृतिको क्षेत्रमा संविधानले गणतान्त्रिक-लोकतान्त्रिक मूल्य र मान्यतालाई नै तिलाञ्जली दिएकाले संविधानमा आदिवासी जनजातिले 'अपनत्व' ग्रहण गर्न र स्वीकार गर्न सक्ने ठाउँ छैन ।

*जनआन्दोलनको भावनाविपरीत*

संविधानको मूल उद्देश्य देशमा विद्यमान एकात्मक र केन्द्रीकृत पितृसत्तात्मक सामन्ती हिन्दू राज्यसत्ता अन्त्य गरी धर्मनिरपेक्ष, गणतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व, समावेशी लोकतन्त्र र संघीयतासहितको बहुराष्ट्रिय राज्यको पुनर्संरचनालाई संस्थागत गर्नु थियो । यसका लागि आदिवासी जनजाति आन्दोलन, माओवादी जनयुद्ध, ०६२/०६३ को जनआन्दोलन, मधेस विद्रोहको भावनाअनुसार संविधानसभालाई निर्देश गर्न तत्कालीन नेकपा (माओवादी) र सात दलबीच १२ बुँदे समझदारी, पुनर्स्थापित संसद्को घोषणा, माओवादी र सरकारबीच बृहत् शान्ति सम्झौता तथा अन्तरिम संविधान २०६३, नेपाल सरकार र आदिवासी जनजाति तथा मधेसी समुदायसँग विभिन्न समयमा सहमति/सम्झौता भएका थिए । राज्य पुनर्संरचनाका सन्दर्भमा पहिलो संविधानसभाको राज्यको पुनर्संरचना तथा राज्यशक्तिको बाँडफाँड समिति र उच्चस्तरीय राज्य पुनर्संरचना राष्ट्रिय सुझाब आयोगले सिफारिस दिएका थिए ।

त्यसैगरी, अन्तर्राष्ट्रिय समुदायबाट मान्यताप्राप्त आदिवासी जातिको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्र, श्रमसंगठन महासन्धि–१६९ अल्पसंख्यकहरूको अधिकारसम्बन्धी घोषणापत्र, सबै प्रकारका नश्लीय भेदभाव उन्मूलनसम्बन्धी महासन्धिलगायत मानव अधिकारका अनुबन्धहरू छन् । तर, संविधानमा धर्मनिरपेक्षता, गणतन्त्र, समावेशीता, संघीयता उल्लेख हुनु सकारात्मक देखिएता पनि सारमा न जनताको संघर्ष र क्रान्तिको उपलब्धिलाई संस्थागत गर्न सकेको छ, न त अन्तर्राष्ट्रिय अनुबन्धहरूको पालना नै ।

संविधान निर्माणका क्रममा जुन प्रक्रिया र विधि अपनाइयो तथा जसरी पूर्वनिर्धारित संविधान निर्माणका आधार, सिद्धान्त र सम्झौतालाई रद्दीको टोकरीमा फालेर केही नेताको निर्देशनमा मुट्ठिभर एकलजातीय सामन्त र दलाल नोकरशाही पुँजीपतिको स्वार्थरक्षाका लागि यथास्थितिवादी र पश्चगामी संविधान बनाइयो, त्यसप्रति आदिवासी जनजातिको गम्भीर आपत्ति र असहमति छ ।

*विधि र लोकतान्त्रिक प्रक्रियाविपरीत*

संविधान प्रमुख चार दलको १६ बुँदे सहमतिमा टेकेर बनेको छ भन्ने कुरा माथि नै उल्लेख गरियो । संविधान जारी गर्ने अन्तिम समयमा चार दलमध्येका मधेसी जनाधिकार फोरम (लोकतान्त्रिक)लाई पनि संविधानसभाबाट बाहिरिन बाध्य पारियो । चार राजनीतिक दलबीच भएको यस्तो सहमति आदिवासी जनजातिको भावना र चाहनाको विपीरत मात्र नभएर उक्त सहमति नेपालको अन्तरिम संविधानको धारा-१३८ (१) र (२) को पनि विपरीत थियो ।

सो धारामा संघीय प्रदेशहरूको नामांकन, सीमांकनलगायत राज्य पुनर्संरचनाका सबै मुद्दा संविधानसभामा टुंगो लगाएपछि मात्रै संविधान जारी गर्ने भन्ने प्रावधान छ । तर, चार राजनीतिक दलले यी कुनै पनि कुरा टुंगो नलगाई विनाआधार आफूखुसी नामांकन र सीमांकनविनाको सात प्रदेशसहितको संविधान जारी गरे । संविधान जारी गर्ने वेलामा संविधानसभाभित्र संविधानको अन्तर्वस्तुबारे निर्वाचित जनप्रतिनिधिबीच कुनै छलफल भएन । बरु नेपालमा ०७२ वैशाख १२ र २९ गते गएको विनाशकारी भूकम्पका कारण जनताको ध्यान मोडिएको मौका छोपेर संविधान जारी गर्ने अन्तिम प्रक्रियामा संविधानसभामा प्रतिनिधित्व गर्ने तराई–मधेसवादी दललाई समेत समाहित नगरी हतारमा संविधान घोषणा गरियो ।

संविधान घोषणा गर्नुअघि मस्यौदा संविधानबारे जनमत संकलन गर्ने बहाना गरी प्रमुख राजनीतिक दलका नेता-कार्यकर्तालाई आ-आफ्नो निर्वाचन क्षेत्रमा पठाइएको थियो । तर, आदिवासी जनजाति र मधेसकेन्द्रित दलले नाटकीय ढंगमा गरिएको मस्यौदा संविधान सुझाब संकलन कार्यलाई बहिष्कार गरे भने भूकम्पको पीडा र सन्त्रासमा बाँचिरहेका जनताले मस्यौदा संविधान सुझाब संकलन कार्यमा उल्लेखनीय सहभागिता देखाएनन् । अतः सुझाब संकलन एउटा नाटक मञ्चन मात्र साबित भयो । दोस्रो संविधानसभाको चुनाव बहिष्कार गर्ने कुनै पनि दललाई संविधान निर्माणमा सामेल गरिएन ।

संविधानसभामा स्वविवेक प्रयोग गर्ने सभासद्को अधिकारमाथि बन्देज लगाइयो । कांग्रेस, तत्कालीन एमाले र एमाओवादीले आफ्ना सभासद्लाई मस्यौदा विधेयकमाथि संशोधन प्रस्ताव दर्ता गर्न दिएनन् र गर्नेको प्रस्ताव जबर्जस्ती फिर्ता लिन लगाए । अन्त्यमा सरोकारवाला दल र समुदायको पूर्वसुसूचित सहमति र सहभागिताविना संविधान जारी गरियो ।

जनताले मस्यौदामाथि छलफल गर्न नपाउनु, एउटै जातका ९/१० जना नेताले मनखुसी लेख्नु र प्रक्रिया निषेध गरेर परिणाममा नियन्त्रण गर्नु आफैँमा संविधासभाको मर्म र मान्यताविपरीत थियो । संविधान निर्माण प्रक्रियाका वेला तीन राजनीतिक दलले सर्वोच्च अदालतको आदेश, राष्ट्रपति, उप-राष्ट्रपतिको निर्देशन, अन्तर्राष्ट्रिय समुदायको सुझाब सल्लाह र आन्दोलनरत सबै पक्षको सरोकारलाई बेवास्ता गरी संविधान जारी गरेकाले यो संविधानप्रति सरोकोरवालाको असहमति छ ।

*आदिवासी जनजातिका हकविपरीत*

आदिवासी जनजातिको हक अधिकारविपरीत रहेको संविधानले नेपालको अन्तरिम संविधानद्वारा प्रदत्त नागरिक अधिकारसमेत कटौती ग-यो । अन्तरिम संविधानको तुलनामा यो संविधान अत्यन्त पश्चगामी छ, देशलाई पुनः प्रतिगमनतिर धकेलेको छ । अन्तरिम संविधानमा सुनिश्चित भइसकेका स्वशासित तथा स्वायत्त क्षेत्र खारेज गरियो ।

संविधानमा अन्तर्राष्ट्रिय समुदायद्वारा स्वीकृत र नेपाल राज्यपक्ष बनेको अन्तर्राष्ट्रिय कानुनबमोजिमको आदिवासी जनजातिको आत्मनिर्णय, स्वशासन र स्वायत्तताको अधिकार, समानुपातिक प्रतिनिधित्व र अग्राधिकार, मातृभाषामा सूचनाको हक, मातृभाषामा सञ्चार संस्था खोल्ने र राज्यको स्रोत प्राप्त गर्ने तथा सरकारी सञ्चारमाध्यममा पहुँचको हक, मातृभाषामा उच्च शिक्षाको हक, प्राकृतिक स्रोतमाथिको अग्राधिकार, पहिचानसहितको विकासको अधिकार कुनैको ग्यारेन्टी गरिएको छैन ।

बालबालिकालाई मातृभाषामा आफ्नो इतिहास, संस्कृति, परम्परागत शिक्षा पाउने हक दिइएको छैन । आदिवासी जनजातिको प्रथाजन्य कानुन, स्वतन्त्र तथा पूर्वसुसुचित मञ्जुरीको अधिकार संविधानमा परेका छैनन् । आर्थिक, सामाजिक तथा सांस्कृतिक मानव अधिकारसम्बन्धी हक कानुन बनाई लागू गरिनेछ भनिएको छ । यी हक अमूर्त छन् र यसबाट आदिवासी जनजाति लाभान्वित हुने अवस्था छैन ।

स्वतन्त्रता र समानताजस्ता मौलिक हक अधिकार पनि राष्ट्रियता, सार्वभौमिकता, भौगोलिक अखण्डता तथा साम्प्रदायिक सद्भाव आदिका नाममा प्रतिबन्धित हुन सक्ने वा खारेज गर्नसक्ने प्रावधान छ । बरु संविधानमा सामाजिक न्यायअन्तर्गत आदिवासी जनजाति, अल्पसंख्यक समुदाय तथा उत्पीडित/उपेक्षित जाति समुदायलाई राज्यले प्रदान गर्ने समावेशी समानुपातिक प्रतिनिधित्व तथा आरक्षणजस्ता विशेष सेवा सुविधा खस-आर्य (बाहुन, क्षेत्री, ठकुरी, सन्न्यासी, दशनामी) भनिने शासक समुदायलाई प्रदान गर्ने व्यवस्था गरिएको छ । यसले खस-आर्यलाई आरक्षण दिने र उत्पीडित जात, जाति र श्रमजीवीको अधिकार र सामाजिक न्यायको हकलाई समाप्त पार्नेछ ।

*जातीय पहिचानको भावनाविपरीत*

आदिवासी जनजातिले मागेको जातीय पहिचान संविधानले नकारेको छ । सात प्रदेशको संघीय व्यवस्थाको कुनै सैद्धान्तिक आधार छैन । यो व्यवस्था पहिलो संविधानसभा, राज्य पुनर्संरचना समिति र उच्चस्तरीय सुझाब आयोगद्वारा स्थापित संघीय एकाई निर्धारणका पहिचान र सामर्थ्यको सिद्धान्त र मापदण्डविपरीत छ ।

पहिलो संविधानसभाको राज्य पुनर्संरचना समिति र सुझाब आयोगले पहिचानलाई प्राथमिक आधार मान्दै एक प्रतिशतभन्दा बढी जनसंख्या भएका समुदायको भूगोललाई आधार बनाएर संघीय एकाई (प्रदेश) र सोभन्दा थोरै जनसंख्या भएका समुदायको भूगोललाई स्वायत्त क्षेत्र (विशेष संरचना)को सीमांकनको विधि सुझाएको थियो । त्यसो गरिँदा पहिचान र स्वायत्त प्रदेश/क्षेत्र सँगसँगसँगै बन्थ्यो । तर, यो संविधानले आदिवासी जनजातिको पहिचानलाई अस्वीकार गरेर उनीहरूको भूगोल, भूमि, भाषा, मनोभावना, संस्कृति, जनसंख्यालाई खण्डित ग-यो ।

लिम्बुवान र खम्बुवान प्रदेश-१ मा, नेवाः र ताम्सालिङ प्रदेश-३ मा, तमुवान र आधा मगरात प्रदेश-४ मा, आधा थरुहट र आधा मगरात प्रदेश-५ मा, खसानलाई कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा राखिएको छ । संविधानले मगर समुदायलाई प्रदेश-४ र ५ तथा थारू समुदायलाई प्रदेश ५, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा विभाजित गरेको छ ।

यस किसिमको विभाजनले प्रदेशको नामका लागि लिम्बू र राईबीच, तामाङ र नेवारबीच, मगर र गुरुङबीच, थारू र मगरबीच झगडा गराउनेछ भने प्रदेशमा कुनै पनि जनजातिको प्रदेशको सत्तामाथि अग्र राजनीति हुने स्थिति देखिँदैन । संविधानअनुसार पहिचान भविष्यमा पनि स्थापित हुन सक्दैन । प्रदेशको सीमांकन यसरी गरिएको छ कि प्रदेश-२ बाहेक अरू प्रदेशमा खस-आर्य समुदायबाहेकका जाति/समुदायको बाहुल्य हुने स्थिति रहँदैन । दुईतिहाइ बहुमतले प्रदेशको नामकरण गर्नुपर्ने भएकाले ऐतिहासिक थातथलोका आधारमा प्रदेशको पहिचान राख्न अब सम्भव छैन । उनीहरूले पहिलोपटक ल्याएको ६ प्रदेशविरुद्ध कर्णालीका खस-आर्य समुदाय ओर्लिएपछि तीन राजनीतिक दलका नेताले तत्काल अर्को एक प्रदेश थपेर मिलाए । तर, आदिवासी जनजाति, मधेसी र थारूले चार वर्षदेखि निरन्तर आन्दोलन गरिरहे पनि र आन्दोलनमा ५६ जनाभन्दा बढी आन्दोलनकारीले सहादत प्राप्त गरिसक्दा पनि देशको एकात्मक राज्यसत्ता कानमा तेल हालेर बसेको छ ।

उल्टै जातीय पहिचानका आधारमा थरुहट/थारुवान राज्यको माग गरी आन्दोलन गर्ने दर्जनौं आन्दोलनकारीलाई बर्षौं जेलमा सडाइयो । सांसद रेशम चौधरीलगायत ११ जना थारू आन्दोलनकारीलाई आजीवन कारावासको सजाय सुनाइएको छ । यसबाट सरकार र सत्तासीन दल कति पहिचानविरोधी छ भन्ने छर्लंग हुन्छ ।

*जातीय स्वशासन र स्वायत्तताविपरीत*

आदिवासी जनजाति आन्दोलन, २०६२/०६३ को जनआन्दोलन, माओवादी सशस्त्र संघर्ष र मधेस विद्रोहले नेपालको शक्ति संरचनामा आधारभूत परिवर्तनको आकांक्षा राखेको थियो । गणतन्त्र त्यसको आवरण थियो । सार कुरा- विद्यमान जातीय तथा क्षेत्रीय उत्पीडन अन्त्य गर्न पहिचान र संघीयतासहितको राज्यको पुनर्संरचना हुँदै राज्यसत्तामा सबै नेपालीको समान र न्यायपूर्ण सहभागिता थियो ।

संघीयता त्यसका लागि माध्यम थियो । संघीयताको आदर्श भनेको स्थानीय/क्षेत्रीय तहमा स्वशासन/स्वायत्तता र केन्द्रमा साझा शासन हो । यस्तो बहुजातीय देशमा अन्तर्राष्ट्रिय कानुनी मान्यतानुसार उत्पीडित जाति/समुदायको पहिचानसँग त्यो समुदायको स्वशासन, स्वायत्तता र सामूहिक अधिकार जोडिएको हुन्छ । आदिवासी जनजातिको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्रअनुसार आदिवासी जनजातिलाई आत्मनिर्णयको अधिकार हुन्छ, जसको अभ्यास स्वशासन र स्वायत्ततामार्फत गर्न सक्छन् । त्यस्तो स्वायत्त प्रदेशको राजनीतिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा आदिवासी जनजातिको अग्राधिकार हुन्छ ।

राज्य पुनर्संरचना समिति र सुझाब आयोगले स्वायत्त प्रदेश र क्षेत्रमा सम्बन्धित बाहुल्य जातिलाई दुई अवधिका लागि प्रमुख पदमा अग्राधिकार हुने प्रस्ताव पनि गरेको थियो । पहिलो सविधानसभाको प्राकृतिक स्रोत र आर्थिक अधिकार समितिले आदिवासी जनजातिलाई प्राकृतिक स्रोत-साधनमाथि प्राथमिक अधिकार हुने सिफारिस गरेको थियो ।

भारत र चीनमा समेत अल्पसंख्यकलाई यस्तो अधिकार दिइएको छ । तर, संविधानले पहिलो संविधानसभाको समिति र आयोगको सिफारिस लत्यायो । आदिवासी जनजाति र मधेसी आदि उत्पीडित समुदायलाई आत्मनिर्णय, अग्राधिकार, स्वशासन र स्वायत्तताको अधिकार दिएन । संविधानले उत्पीडित जाति/समुदायलाई सत्ताको मालिक र सत्ता साझेदार बनाएको छैन । संविधानमा आदिवासी जनजाति आयोगको व्यवस्था गरिएको छ, तर आयोगको काम कर्तव्य र क्षेत्राधिकारका विषयमा केही बोलिएको छैन । यो सत्ताधारी दलका कार्यकर्तालाई जागिर खुवाउने थलोजस्तो बनेको छ ।

*संघीयताको सिद्धान्त र भावनाविपरीत*

शक्ति संरचना अति केन्द्रीकृत ढाँचाको यो संघीयता भौगोलिक प्रशासनिक संघीयता हो । संघ र प्रदेशबीचको साझा सूची तथा प्रदेश र स्थानीय निकायबीचको साझा सूचीका विषयमा पनि केन्द्रलाई कानुन बनाउने अधिकार छ । जबकि भारतका कतिपय 'ट्राइबल' राज्य र स्वायत्त क्षेत्रमा केन्द्रले बनाएको कानुन राज्य र स्वायत्त क्षेत्र सभाले अनुमोदन नगरी लागू हुँदैन । अवशिष्ट अधिकार पनि केन्द्रमा राखिएको छ ।

प्रदेश सरकारको निलम्बन, भंग, विघटन गर्ने अधिकार केन्द्रलाई नै छ । यसले प्रदेशको सरकार स्थिर नहुने निश्चित छ । वैदेशिक ऋण लिने अधिकार केन्द्रलाई मात्र छ । प्रदेशको राजस्व अधिकारको क्षेत्र एवं दायरा अत्यन्तै साँघुरो छ । पहिलो संविधानसभा, राज्यपुनर्संरचना समिति र उच्चस्तरीय आयोगले प्रदेश सूचीमा सिफारिस गरेका राजस्व, प्राकृतिक स्रोत र आर्थिक अधिकार कटौती गरिएका छन् ।

राजस्व र आर्थिक अधिकारका दृष्टिले पनि केन्द्र अति शक्तिशाली र प्रदेश अति निम्छरो छ । प्रदेशलाई स्थानीय स्वायत्त शासन ऐनले दिएको अधिकार पनि दिएको छैन । यो पञ्चायतकालीन १४ अञ्चलको सक्कलबमोजिम नक्कल संघीयता असफल भए अचम्म मान्नुपर्ने छैन । पहिले प्रदेशलाई असफल बनाई संघीयतालाई नै असफल बनाउने ढाँचामा संविधान ल्याइएको हो ।

*समानुपातिक समावेशी भावना र मर्मविपरीत*

राज्य पुनःसंरचनाको प्रमुख हतियार भनेको समानुपातिक र समावेशिता हो । संविधानले दुईपटक संविधानसभाको निर्वाचनमा अभ्यास भइसकेको समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत सुनिश्चित भएको ५८ प्रतिशत प्रतिनिधित्वलाई घटाएर ४० प्रतिशतमा झा-यो । अब संसद्मा महिला, आदिवासी जनजाति, दलित, मधेसी, पिछडावर्ग, मुस्लिम, अल्पसंख्यकको राजनीतिक प्रतिनिधित्व स्वतः घट्नेछ ।

यसले ०६४ र ०७० को संविधानसभाको समावेशी लोकतन्त्रबाट ०४७ तिर राज्यव्यवस्थालाई फर्काउँदै छ । राज्यका सबै तह, अंग जातीय जनसंख्याको अनुपातअनुसार समानुपातिक समावेशी हुनुपर्छ भन्ने समावेशी लोकतन्त्रको मान्यताबाट यो संविधान पछि हटेको छ । महिलाको हकमा केन्द्रदेखि स्थानीय तहसम्म ३३ प्रतिशतको मूर्त व्यवस्था छ । दलितलाई समानुपातिक प्रतिनिधित्वको व्यवस्था छ । तर, कानुन बनाई लागू गर्ने भनिएकाले कार्यान्वयनको सुनिश्चितता छैन ।

आदिवासी जनजाति र मधेसीलाई यो सुविधा उपलब्ध छैन । साथै, संविधानमा न्यायपालिका, मन्त्रिमण्डल, संवैधानिक आयोगको गठन समानुपातिक प्रतिनिधित्व र समावेशी लोकतन्त्रको सिद्धान्तविपरीत छ । मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ र पहिलो हुने निर्वाचित हुने पद्धतिद्वमा विद्यमान जिल्लामा कम्तीमा एक प्रतिनिधि हुने गरी बाँकीमा जनसंख्याको अनुपातअनुसार प्रतिनिधित्व मिलाउने भनिएको छ ।

एकातिर पञ्चायतकालीन जिल्ला कायम राख्ने मोह देखिन्छ भने, अर्कोतिर जनजाति आन्दोलनले भनेजस्तो जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको मुद्दालाई सम्बोधन गरेको छैन । ५० प्रतिशतभन्दा बढी जनसंख्या ओगटेको तराई/मधेसले पनि जनसंख्याका आधारमा प्रतिनिधित्व पाउने सुनिश्चितता छैन । यो समावेशी लोकतन्त्रको सिद्धान्त र मान्यताविपरीत छ ।

*संघीय न्यायालयको मान्यताविपरीत*

संघ, प्रदेश र स्थानीय तहको कल्पना गरे पनि न्यायपालिकामा सर्वोच्च, उच्च र जिल्ला अदालतको व्यवस्था छ । जिल्ला राज्यको तह नै होइन, यो विसंगति हो । तीनै तहका न्यायाधीश एवं कर्मचारी एउटै संघीय संवैधानिक परिषद, न्यायपरिषद् र सेवा आयोगबाट नियुक्ति हुने प्रावधान छ । साथै, *बाँकी ७ पेजमा*

# नेकपा (क्रान्तिकारी माओवादी)सिन्धुली जिल्ला कमिटीको आयोजनामा एमसीसीको बिरोधमा कोणसभा सम्पन्न

सिन्धुली । आज नेकपा (क्रान्तिकारी माओवादी) सिन्धुली जिल्ला कमिटीको आयोजनामा एमसीसीको बिरोधमा कोणसभा सम्पन्न भएको छ । उक्त कोणसभालाई नेकपा (क्रान्तिकारी माओवादी) पोलिटव्यूरो सदस्य तथा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल केन्द्रिय कार्य समितिका सचिव एबम् ३ नंबर प्रदेश अध्यक्ष



पबन मान श्रेष्ठले संबोधन गर्नु भएको छ ।

उक्त कोणसभालाई सम्वोधन गर्ने अन्य वक्तामा नेकपा (क्रान्तिकारी माओवादी) केन्द्रीय सदस्य तथा सिन्धुली जिल्ला ईन्चार्ज जिवन हुनुहुन्थ्यो भने देशभक्त जनगणतान्त्रिक मोर्चा सिन्धुली जिल्ला अध्यक्ष ढक प्रसाद देवकोटाले सन्चालन गर्नु भएको थियो ।

# चीनका तीन अन्तरिक्षयात्री ९० दिनपछि पृथ्वीमा सकुशल फर्किए



एजेन्सी । मानवसहितको अन्तरिक्ष अभियान पूरा गरी चीनका तीन अन्तरिक्षयात्री पृथ्वी फर्किएका छन् । यसलाई चीनको अहिलेसम्मको सबैभन्दा लामो अन्तरिक्ष अभियान भनिएको छ ।

उनीहरू ९० दिनसम्म एउटा अन्तरिक्ष केन्द्रमा बसेका थिए । टियाहे मोड्यूल नाम दिइएको सो केन्द्र चीन आफैँले बनाएको थियो ।

अन्तरिक्षयात्रीहरू न्ये खाइशङ, ल्यु बोमिङ र टाङ हङ्बोले शन्जो-१२ अन्तरिक्षयान चढेर शुक्रबार स्थानीय समयानुसार दिउँसो १:३५ बजे चीनको भित्री मङ्गोलियाको गोबी मरुभूमिमा अवतरण गरेका थिए ।

यो सफल अभियानले अन्तरिक्षमा चीनको आत्मविश्वास थप बढेको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ ।

# खप्कीपछि यातायात व्यवस्था विभागको निर्णय फिर्ता

काठमाडौं । यातायात व्यवस्था विभागले सार्वजनिक यातायातको भाडा बढाएको ४ घण्टाको अन्तरालमै आफ्ना निर्णयहरू फिर्ता लिएको छ । निर्णय फिर्तासहित विभागले तत्काल सार्वजनिक सवारी साधानको भाडा वृद्धि नहुने पनि बताएको छ । गुठी व्यवस्थापन विधेयक, मिडिया काउन्सिल विधेयक लगायतका विधेयकहरूको विरोध भइरहेका बेला आगोमा घ्यु थप्ने यातायात व्यवस्था विभागको निर्णय एक्कासी फिर्ता गरिएको छ ।

यातायात व्यवस्था विभागले भाडा बढाएको निर्णय सार्वजनिक गरेलगत्तै प्रधानमन्त्रीको कार्यालयले चासो लिई विदेश भ्रमणमा रहेका ओलीकहाँ खबर पठाएको थियो । विदेशबाटै ओली राँकिएपछि निर्णय फिर्तासँगै विभागले असार १ गतेदेखि लागू गर्ने भनिएको काठमाडौं उपत्यकाको रिङ रोडभित्र मालबाहक सवारी रोक, रात्रिकालिन बस सेवा र सार्वजनिक यातायात तथा मालबाहक सवारी साधनमा तोकिएको नयाँ भाडादर तत्काल लागु नहुने भनी सूचना टाँस गरेको हो ।

विभागले बिहीबार दिउँसो उपत्यकामा १२ प्रतिशत र उपत्यका बाहिर २० प्रतिशतसम्म भाडा वद्धि गर्ने निर्णय गरी देशभर नयाँ भाडादर सार्वजनिक गरेको थियो । तर सरकारको




विरोधमा यसले बल पुर्याउने भन्दै तत्काल फिर्ता गरिएको छ । फिर्ता गरिएकोमा लाज पचाउँदै विभागले 'वैज्ञानिक भाडा समायोजन' को समय माग गरेको छ ।

ओलीको विदेश भ्रमणका बखत नेपालमा केही न केही खिचडी पाक्ने/पकाउने भइरहने गरेको छ । अहिले ओलीकै सरकारी विभागले उक्त काम गरेपछि ओलीले उक्त विभागमा कार्यरत कर्मचारी बर्खास्त गर्नेसम्मको फरमान जारी गरेको पनि बताइएको छ ।

# गौतम सम्मानित तर सगरमाथाको उचाइ गुमनाम

काठमाडौं । विश्वको सर्वोच्च शिखर सगरमाथाको उचाइ सफलतापूर्वक मापन गरेको भनी उचाइ मापन टोलीका प्रमुख इञ्जिनियर खिमलाल गौतम सम्मानित भएका छन् । माछापुच्छे गाउँपालिकाका बासिन्दा गौतमलाई बुधवार विश्व वातावरण दिवसका अवसरमा वडा कार्यालयले सम्मान गरेको हो ।



गौतमलाई गाउँपालिकाका अध्यक्ष कर्ण गुरुङ र उपाध्यक्ष कृष्ण दवाडी दुबैले दोसल्ला ओढाएर सम्मान गरेका हुन् । कास्कीको जिल्लाको प्रमुख नापी अधिकृतका रूपमा कार्यरत गौतम नेतृत्वको टोलीले जेठ ८ गते सगरमाथाको चुचुरोमा पुगी एक घण्टा १६ मिनेट लगाएर सगरमाथाको उचाइ सर्वेक्षण गरेको थियो ।

सम्मानित गर्नेहरूका तर्फबाट सगरमाथाको उचाइ नाप्ने काम आफैमा एक ऐतिहासिक, साहसिक र प्राविधिक दक्षतासम्बन्धी काम भएकाले गौतमले देशकै इज्जत र प्रतिष्ठा उचो बनाएको बताइएको थियो ।

पोखरामा सम्मान गरिएका गौतम पहिलो नेपाली नागरिक हुन्, जसले सगरमाथाको उचाइ सर्वेक्षण गरेका छन् । तर उनले गरेको सर्वेक्षणको आधिकारिकता सार्वजनिक भएको छैन । गौतमले आफ्नो टिमले गरेको सर्वेक्षणलाई आवश्यक अनुसन्धान गरी पूर्व डाटाहरू भिडाई त्यसको आधिकारिकतासहित सार्वजनिक गरिने बताएका थिए ।

## सधैं...

समय बित्दै जाँदा २०२९ सालमा कम्युनिष्ट पार्टीको सदस्य नभएकै अवस्थामा पनि उहाँले किसान, मजदुर र मुक्त कमैयाकोहरूको हकहितमा बर्दियाली भुमिमा संघर्षको उत्थान अर्थात नेतृत्व गर्नु भएको थियो । त्यही संघर्षको दौरानमा एक जना मजदुर मोहन बहादुर थारुको निधन भएको थियो र त्यो संघर्षलाई अहिले हामी थुमै काण्ड भनेर चिन्ने गर्दछौं ।

पेशाले शिक्षक भएतापनि नेपाली कम्युनिष्ट आन्दोलनमा उहाँको महत्वपूर्ण भुमिका रहेको हामी पाउँदछौं । २०३१ सालमा भएको चौथो महाधिवेशनमा उहाँले पहिलो कम्युनिष्ट पार्टीको सदस्यता प्राप्त गर्नुभएको थियो । भने उहाँले जिवनको उतार्चाडाव घुम्टि मोडहरूमा जस्ता सुकै हावाहुरीहरू चलेपनि क्रान्तिकारी बाटो कहिल्यै भुल्नु भए बरु एक कुशल संगठक निष्ठावान व्यक्तित्वको भुमिका निर्वाह गर्दै एकातिर आफ्ना व्यक्तिगत पेशालाई संगाल्दै अर्कोतिर नेपाली कम्युनिष्ट आन्दोलनको मार्गमा अगाडी बढी रहनु भयो । २०३१ साल पछि झण्डै ५ बर्ष अर्थात २०३५ सालमा बर्दिया जिल्लाको सेक्रटरीको जिम्मा लिएर काम कार्यहरू अगाडी बढाउनु भयो । एकातिर पार्टीको महत्वपूर्ण जिम्मेवारी अर्कोतिर शिक्षक पेशा यो दुवैलाई मिलाएर लैजानु पर्ने असाधै चुनौति थियो । त्यसमा पनि पंचायत कालिन अवस्थामा क्रान्तिकारीहरूलाई काम कार्य गर्न प्रतिबन्धित हुन्थ्यो । त्यसको बाबजुट पनि नडराई पार्टी काम कार्यमा अग्रसर भएर आफ्नो जिम्मेवारी निर्वाह गर्नु हुन्थ्यो । यसै सिलशिलामा उहाँलाई २०३६ सालमा मंसिर महिनाको समय थियो । चुरे मा.वि. बगनाहामा आफ्नो विषय पढाई रहेको अवस्थामा स्कुल हाता भित्र अर्थात क्लास भित्रै आएर गिराफ्तार गरि शारिरीक यातना दिने मानसिक यातना दिने जस्ता क्रियाकलापहरू भइरहन्थे तर पनि राज्यसत्ताको बर्बर्ताबाट कहिले पनि हरेष खानु भएन । बरु हजारौ क्रान्तिकारी योद्धाहरूको जन्म गराउनु भयो र एक कुशल संगठकको दर्जा आफ्नो नाम लेख्न सफल हुदै अगाडी बढ्नु भयो । नेपाली क्रान्तिका विभिन्न टुटफुट गुड र उतारचडावबाट कहिले निराश हुनु भएन बरु झन उर्जाशिल बन्दै बनाउदै अगाडी बढ्नु भयो ।

२०४० सालमा पार्टीको बैकल्पिक केन्द्रीय सदस्य हुदै २०४८ सालमा भएको एकता महाधिवेशनबाट पुर्ण केन्द्रीय सदस्य भएर काम गर्नु भयो । काम कार्यको शिलशिलामा दिउँसो स्कुलमा गएर विद्यार्थीहरूलाई बढाउने लेखाउने र रातीको पुरै समय पार्टीको काम कार्यमा लागाउनु हुन्थ्यो । यो समयमा पार्टी जनयुद्धको तयारीमा भएकोले पनि उहाँहरूको असाध्यै ठुलो भुमिका रहेको छ । जसमा संगठन बनाउने काम प्राविधिक निर्माण र सम्पर्क गर्ने जस्ता काम कार्यहरू साथै स्कुलिङ्ग दिने जस्ता महत्वपूर्ण काम कार्यमा भुमिका खेल्नु भएको थियो । पार्टीको पुरै जनयुद्धको तयारीको चरण सकिएपछि मात्र २०५२ साल फागुन १ गते यो धर्तिमा अर्थात नेपाली भुमिमा महान जनयुद्धको संखघोष भयो । उहाँ दिन प्रतिदिन पार्टीका आन्तरिक काम कार्यलाई निरन्तरता दिन छोड्नु भएन । उति खेर प्रतिक्रियाबादी शाही सेनाले कमरेड राममणि शर्मा अधिकारीलाई दिन सम्म यातना जेलनेल दियो कि शारिरिक मेरुदण्ड नै भाँचिने गरेर तर उहाँले क्रान्तिकारीहरू यातना जेलनेल बाट डराउनदैनन बरु सहिद हुन्छन । मलाई मारा म सत्यको बाटो कहिल्यै छाड्ने छैन भन्नु हुन्छ । देशमा एकपछि अर्को सफलता हात पार्दै महान जनयुद्ध अगाडी बढीरहेको थियो, उहाँले आफ्नो क्षेत्रबाट क्रान्तिलाई सघाई रहनु भएको थियो । पछिल्लो चरण अर्थात रणनितिक सन्तुलनको चरणमा प्रवेश गर्दै थियो उहाँका यातनाका घाउहरूले गर्दा असाध्यै कमजोर र अर्थात थला पर्नु भयो । उहाँलाई उपचारको शिलशिलामा भारतको लखनउ गएर आफ्नो उपचार गरेर फर्किनु भयो ।

तराई क्षेत्रको बर्दिया जिल्ला माओबादी आधार इलाका अर्थात लाल किल्ला भनेर चिनेन्थ्यो त्यसैले पनि फिल्डमा काम कार्य गर्न असाध्यै कठिन थियो । किनकि दुस्मनले पिछा गरिरहन्थ्यो । तर पनि अस्वस्थ्यता एकातिर दुस्मनको पिछा अर्को तिर भएतापनि आफ्नो कर्तव्यलाई कहिल्यै भुल्नु भएन । नेपाली क्रान्तिले अर्थात महान जनयुद्धले यहि विचमा केही उतावचढाव खेप्नु पऱ्यो । जसमा महासचिव कमरेड मोहन वैद्य किरण र दे.ज.मो. नेपालका अध्यक्ष सिपि गजुरेलको गिराफ्तारी पछि बुनिएका तानाबानाको विपक्षमा रहेर आफ्नो मत जाहेर गर्नु हुन्थ्यो । पछि दिल्लीमा भएको बाह्र बुदे सम्झौता सेना समायोजन जस्ता विषयमा घोर आपत्ति जनाउनु भएको थियो । पछिल्लो समयमा पार्टी सुधारवादी लाइनमा फस्दैछ । क्रान्तिकारीहरू सचेत र सजग रहनु पर्छ सुधारवादको विरोध र भण्डाफोर गर्नु पर्छ भन्ने गर्नुहुन्छ । पछिल्लो समयमा अर्थात २०६७ सालमा प्रचण्ड बर्दियामा आएको बेला उहाँले प्रचण्डलाई पार्टी नव संसोधन वाद विषयमा जादैछ , यसलाई बचाउनु हाम्रो कर्तव्य हो । तपाईको यसमा ध्यान जाहोस् । भनेर सुझाव दिनु भएको थियो पछिल्लो समयमा उहाँ प्रेसर, सुगर जस्ता रोगहरूबाट पिडित हुनुहुन्थ्यो । तर पनि हामीले उहाँलाई भेटदा भन्ने गर्नुहुन्थ्यो कि म हिड्न सक्दैन मलाई तपाईहरू गाडीमा राखेर लैजानुहोस म आफु संग भएका ज्ञानहरू साथीहरूलाई दिनेछु भन्ने हुन्थ्यो ।

अन्तः नेपाली क्रान्तिका धरोहर अर्थात बर्दिया जिल्लाका कम्युनिष्ट पार्टीका संस्थापक कमरेड राममणी शर्मा अधिकारीको स्वास्थ्यमा समस्या देखिएपछि तत्कालै नेपालगंजको भेरी अस्पतालमा भर्ना हुनुभयो । अस्पतालमा विरामी हुदा पार्टीका महासचिव भेट गर्न आउँदा उहाँले केही त बोल्नु भएन । तर पछि उहाँका सहयोगीलाई भन्नु भएछ ठिकै छ म बिरामी भएपनि किरण जी ठिक हुनुहुँदोरहेछ । खुशी लाग्यो अबको नेपाली क्रान्तिको कार्यभार उहाँको काँधमा छ, भन्ने जस्ता गरुङ्गा वजपूर्ण शब्दहरू बोल्नु भएको थियो । त्यसैको पछिल्लो दिन हामी हस्पितलमा भेट्न जाँदा भन्नु भएको थियो । जो की तपाईहरू मलाई अस्पतालमा भेट्न आउनु भएको छ । खुशी लाग्यो यस्तै गरी सधै भरि जनतालाई भेटिरहनु जनताको साथ कहिल्यै नछोड्नु भन्नु भयो । हाम्रो लागि यो शब्द नै अन्तिम शब्दको रूपमा रहेयो। जो कि उपचारको क्रममा २०७६ साल भाद्र १८ गते राति १०:३० बजे उहाँले आफ्नो जिवन उत्सर्ग गर्नुभयो । हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)ले उहाँको दुखद निधन प्रति गहिरो दुख व्यक्त गर्दै पार्टीका पोलिटव्युरो सदस्य कमरेड सङकुल र केन्द्रीय सल्लाहकार समिति सदस्य कमरेड कृष्ण भट्टराईले झण्डा ओढाएर एक मिनेट हार्दिक श्रद्धाञ्जली अर्पण गरियो । उहाँको परिवारजन प्रति धैर्यधारणको कामना गरियो । र उहाँका अधुरा सपना पुरा गर्न हामी लागिरहेका छौं, लागिरहने छौं हार्दिक श्रद्धाञ्जली कमरेड राममणी शर्मा अधिकारी ।

## हिन्द–प्रशान्त...

आर्टिफिसियल इन्टेलिजेन्स्, क्वान्टम टेक्नोलोजी र साइबर सुरक्षाका विषयलाई समेट्ने बताइएको छ ।

यो सम्झौता विशेषगरी उच्च रक्षा प्रविधिको साझेदारीसँग सम्बन्धित छ । हिन्द-प्रशान्त महासागर क्षेत्रमा चीनको बढ्दो प्रभाव र सैन्य उपस्थितिलाई लिएर तीन देश चिन्तित रहेका छन् । यही सम्झौतामा अस्ट्रेलियाले फ्रान्सेली डिजाइनमा पनडुब्बी खरिद गर्ने सम्झौता पनि रद्द गरेको छ ।

अस्ट्रेलियाले जलसेनाका लागि सन् २०१६ मा १२ वटा पनडुब्बी निर्माणका लागि फ्रान्ससँग सम्झौता गरेको थियो । उक्त सम्झौता करिब ५० अर्ब अस्ट्रेलियन डलर बराबरको थियो । फ्रान्सको विदेश मन्त्रालयले भने सम्झौता खारेज गर्ने अस्ट्रेलियाको निर्णय 'दूर्भाग्यपूर्ण' भएको प्रतिक्रिया दिएको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनलेसम्झौतापछिअस्ट्रेलियाले आधुनिक क्षमतासहितको परमाणु ऊर्जाबाट चल्ने पनडुब्बी बनाउने पनि बताएका छन् । बाइडेनले हिन्द प्रशान्त क्षेत्रमा स्थिरतालाई बढावा दिन र साझा चासोलाई अगाडि बढाउन तीन देशबीच सम्झौता भएको पनि बताएका छन् । अस्ट्रेलियाका प्रधानमन्त्री मोरिसनले लामो दूरीको अमेरिकी तोमाहक क्रुज मिसाइल पनि प्राप्त गर्ने बताएका छन् ।

तीन नेताले सम्झौता घोषणाका क्रममा चीनको नाम नलिए पनि हिन्द प्रशान्त क्षेत्रमा स्थिरताको कुरा उठाएकाले उनीहरूको उद्धेश्य प्रस्ट देखिन्छ । 'विश्व विशेषगरी हाम्रो हिन्द प्रशान्त क्षेत्रमा जटिल बन्दै गएको छ । यसले हामी सबैलाई प्रभावित बनाउँछ । हिन्द प्रशान्त क्षेत्रको भविष्यले हामी सबैको भविष्य प्रभावित हुन्छ,' मोरिसनले भनेका छन् । सम्झौतापछि पनि मोरिसनले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई वार्ताका लागि खुला आह्वान गरेका छन् । बढ्दो विवादका बीच उच्चस्तरीय वार्ताका लागि आफूहरू तयार रहेको उनले बताएका छन् ।

त्यस्तै बेलायती प्रधानमन्त्री जोन्सनले आफूहरू हिन्द प्रशान्त क्षेत्रको स्थिरता र सुरक्षाका लागि सहकार्यका लागि एक ठाउँमा आएको बताए । गत हप्ता मात्रै अमेरिकी उपराष्ट्रपति कमला ह्यारिसले दक्षिण-पूर्वी एसियाली मुलुकको भ्रमण गरेकी थिइन् । उनले चीनले 'साउथ चाइना सी' मा अन्तर्राष्ट्रिय मूल्य मान्यतालाई भंग गर्ने गतिविधि अगाडि बढाएको आरोप लगाएकी थिइन् ।


## एमसीसी...

प्रतिनिधि राजिव खरेलले संयुक्त हस्ताक्षरमा विज्ञप्ति जारी गरी एमसीसी खारेज नहुन्जेलसम्म संघर्ष जारी राख्ने उद्घोष गरेका छन् ।

एमसीसी पास भए नेपाल रणभूमिमा परिणत हुने भन्दै संयक्त विज्ञप्तिमा काभ्रेबासी जनसमुदायलाई संघर्षमा उत्रन आव्हान गरिएको छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी, ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

# क्रान्तिकारी कम्युनिस्टहरूको ऐतिहासिक दायित्व



● मोहन वैद्य 'किरण ●

*नेपाली कम्युनिस्ट आन्दोलनको समग्र इतिहास मार्क्सवाद तथा संशोधनवादका बीचको भीषण विचारधारात्मक संघर्ष र सकारात्मक तथा नकारात्मक अनुभवमा आधारित द्वन्द्ववादी शिक्षाले समृद्ध रहेको छ । ख्रुश्चेभको आधुनिक संशोधनवाद तथा संसदवादका विरुद्ध संघर्ष गर्दै मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मान्नु, नयाँ जनवाद तथा वैज्ञानिक समाजवादको क्रान्तिकारी राजनीतिक कार्यक्रम तथा कार्यदिशा अवलम्बन गर्नु, दीर्घकालीन जनयुद्धको सामरिक कार्यदिशा स्वीकार गर्दै ऐतिहासिक झापा विद्रोह र दश वर्षीय महान् जनयुद्धको प्रकृयालाई अगाडि बढाउनु – नेपाली कम्युनिस्ट आन्दोलन र क्रान्तिका अत्यन्तै महत्वपूर्ण सकारात्मक शिक्षा हुन् । नेपाली क्रान्ति र कम्युनिस्ट आन्दोलनको इतिहासमा नेपाली जनता तथा योद्धाहरूले धेरै रगत र पसिना बगाएका छन् । यो समग्र प्रकृयामा अनेकौं वीर विराङ्गनाहरूले प्राणको आहुति दिएर त्याग, वीरता र बलिदानका अनुपम कीर्तिमान स्थापित गरेका छन्*

लामो समयदेखि नेपालमा कम्युस्टिहरू मूलतः दुई धारामा विभाजित रहिआएका छन् – अवसरवादी र क्रान्तिकारी । अवसरवादी कम्युनिस्टहरूले आफ्नो नाम अझै कम्युनिस्ट नै राखे पनि काममा ती प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका अत्यन्तै भरपर्दा रक्षाकवच बन्दै आएका छन् र साम्यवादको उदात्त आदर्शसित तिनको कुनै सम्बन्ध छैन ।

२००६ सालमा स्थापित नेपाल कम्युनिस्ट पार्टी अहिले बहत्तर वर्षको भएको छ । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन जस्तै नेपाली कम्युनिस्ट आन्दोलन पनि एकता, सङ्घर्ष एवम् रूपान्तरणको द्वन्द्वात्मक प्रक्रियाका बीचबाट विकसित हुँदै आएको छ । नेपाली कम्युनिस्ट आन्दोलन सङ्गठन र सङ्घर्षका विभिन्न सकारात्मक र नकारात्मक अनुभवका प्रचुर शिक्षाहरूले समृद्ध रहेको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा लामो समयदेखि मार्क्सवाद र संशोधनवादका बीच भीषण विचारधारात्मक सङ्घर्ष चल्दै आएको छ ।

प्रारम्भमा क. पुष्पलालको नेतृत्वमा लोकजनवादमा आधारित क्रान्तिकारी धारा प्रभावी थियो । २०१० सालको पहिलो महाधिवेशनदेखि २०१९सालको तेस्रो महाधिवेशनसम्म आउँदा मनमोहन अधिकारीको सम्वैधानिक राजतन्त्र, रायमाझीको राजतन्त्रपरस्त र तुल्सीलालको संसदवादमा आधारित दक्षिणपन्थी संशोधनवादी धारा प्रभावी बन्यो । त्यस पश्चात् २०२५ सालमा सम्पन्न पुष्पलाल पक्षीय राष्ट्रिय सम्मेलन, २०२८को झापाविद्रोही धारा र केन्द्रीय न्युक्लस हुँदै २०३१सालमा सम्पन्न चौथो महाधिवेशन पक्षीय धाराले बेग्ला बेग्लै ढङ्गले दक्षिणपन्थी संशोधनवादका विरुद्ध मार्क्सवाद-लेनिनवाद एवम् माओविचार, नयाँ जनवाद तथा सशस्त्र सङ्घर्षको मान्यता अवलम्बन गरे । त्यसै क्रममा नेपाली कम्युनिस्ट आन्दोलन अझै विभिन्न धारा तथा उपधाराहरूमा विभाजित बन्दै गयो ।

झापा विद्रोही धाराबाट नेकपा (माले) मा विकसित धाराले २०४६ साल पश्चात् माओविचार, नयाँ जनवाद तथा सशस्त्र सङ्घर्षलाई परित्याग गरी बहुदलीय जनवादको दक्षिणपन्थी संशोधनवादी मान्यतालाई स्वीकार गर्न पुग्यो । त्यसले मनमोहन अधिकारी, तुल्सीलाल सहितका पक्षसित एकता गरी नेकपा (एमाले) को रूप धारण गऱ्यो । अर्कोतिर त्यस धाराका विरुद्ध चौम भित्रका मशाल, विद्रोही मसाल, लामापक्षीय चौम, सर्वहारावादी श्रमिक संगठनका बीच एकता गरी नेकपा (एकता केन्द्र) बन्यो । त्यसले मार्क्सवाद-लेनिनवाद-माओवाद, नयाँ जनवाद, दीर्घकालीन जनयुद्ध लगायतका मान्यता अँगाल्यो । यो निकै महत्वपूर्ण उपलब्धि थियो । परन्तु, त्यस पश्चात् नेकपा (एकता केन्द्र) भित्र गम्भीर प्रकृतिका राजनीतिक विवाद पैदा भए । त्यसै क्रममा नेकपा (माओवादी) जन्मियो र त्यसले २०५२ देखि २०६३ सालसम्म महान् जनयुद्धलाई सशक्त रूपमा अगाडि बढायो । दुःखको कुरा, माओवादी धाराको मूल नेतृत्वभित्र दक्षिणपन्थी संशोधनवाद पैदा भयो र त्यसले महान् जनयुद्धप्रति गद्दारी गर्न पुग्यो । फलतः महान् जनयुद्धले गम्भीर धोका र धक्का खायो । त्यसै क्रममा माओवादी धारा विभाजित भयो ।

नेपाली कम्युनिस्ट आन्दोलनको समग्र इतिहास मार्क्सवाद तथा संशोधनवादका बीचको भीषण विचारधारात्मक संघर्ष र सकारात्मक तथा नकारात्मक अनुभवमा आधारित द्वन्द्ववादी शिक्षाले समृद्ध रहेको छ । ख्रुश्चेभको आधुनिक संशोधनवाद तथा संसदवादका विरुद्ध संघर्ष गर्दै मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मान्नु, नयाँ जनवाद तथा वैज्ञानिक समाजवादको क्रान्तिकारी राजनीतिक कार्यक्रम तथा कार्यदिशा अवलम्बन गर्नु, दीर्घकालीन जनयुद्धको सामरिक कार्यदिशा स्वीकार गर्दै ऐतिहासिक झापा विद्रोह र दश वर्षीय महान् जनयुद्धको प्रकृयालाई अगाडि बढाउनु – नेपाली कम्युनिस्ट आन्दोलन र क्रान्तिका अत्यन्तै महत्वपूर्ण सकारात्मक शिक्षा हुन् । नेपाली क्रान्ति र कम्युनिस्ट आन्दोलनको इतिहासमा नेपाली जनता तथा योद्धाहरूले धेरै रगत र पसिना बगाएका छन् । यो समग्र प्रकृयामा अनेकौं वीर विराङ्गनाहरूले प्राणको आहुति दिएर त्याग, वीरता र बलिदानका अनुपम कीर्तिमान स्थापित गरेका छन् । यिनले हामीलाई क्रान्तिका लागि सदैव उत्प्रेरित गर्दै आएका छन् । परन्तु अर्कोतिर नेपाली कम्युनिस्ट आन्दोलन र क्रान्तिको इतिहासमा आत्मसमर्पणवाद, पलायनवाद, विश्वासघात, धोका र गद्दारीका अनेकौं कुरूप उदाहरण पनि पाइन्छन् । यिनले पनि क्रान्तिलाई अगाडि बढाउनका लागि निश्चयनै नकारात्मक रूपमा आवश्यक शिक्षा प्रदान गर्नेछन् ।

ऐतिहासिक झापाविद्रोहका बीचबाट नेकपा (माले) हुँदै एमालेमा परिणत भएको अवसरवादी उपधारा र चौम, मशाल तथा एकताकेन्द्रबाट नेकपा (माओवादी) हुँदै माओवादी केन्द्रमा परिणत भएको अवसरवादी उपधारा मिलेर एकातिर संविधान सभा मार्फत् २०७२ सालमा दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गीय हितमा आधारित संसदवादी संविधान बनाउन पुगे भने अर्कोतिर ती दुबै दक्षिणपन्थी अवसरवादी उपधारा मिलेर एकता गरी कम्युनिस्ट नामधारी डबल नेकपाको स्वरूपमा पेश भए । त्यसै क्रममा उनीहरू झण्डै दुई तिहाइ बहुमतको सरकार बनाई प्रतिक्रियावादी शासन सत्तामा आरुढ भए र तिनले आफूलाई नेपालमा दिग्विजय गर्न सफल बन्न पुगेको चक्रवर्ती राजा सरहको देखाउँदै नाना तरहका अभिनय गर्नथाले । परन्तु केही समय बित्दै जाँदा सत्ता, पद, निजी प्रतिष्ठा र स्वार्थका लागि ती आफ्नै पार्टीभित्र आँखा चिम्लिएर मदमत्त साँढे सरह जुद्धै गए । प्रतिनिधि सभा विघटन र पुनःस्थापनाको प्रक्रियाका भीषण अन्तर्कलह, मुद्दामामिला र द्वन्द्वका बीचबाट एमाले र माओवादी केन्द्रले पुरानै भेष धारण गर्दै 'पुनर्मूषिको भव'मा परिणत हुन पुगे । यो समग्र प्रक्रियामा नेपाली राजनीतिमा संसदीय व्यवस्था र संशोधनवाद भयावह अन्तर्विरोध र सङ्कटका महाभुमरीमा फस्दै र असफल साबित हुँदै गएका छन् । तर दक्षिणपन्थी संशोधनवादीहरू संसदीय निर्वाचनमा बहुमत ल्याउन र क्षतविक्षत हुन लागेको प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थामा प्राण भर्नका लागि आफूलाई महाकम्युनिस्ट बताउँदै पार्टी एकताको अर्को नौटङ्की गर्न थालेका छन् । बिरालाहरू मुसल्धारे पानीमा निथ्रुक्कै भिजे पनि टाउको देखाउन पछि पर्दैनन् भनेको यही हो ।

अर्कोतिर, क्रान्तिकारी कम्युनिस्टहरू विभिन्न धारा, उपधारा र समूहमा छितरिएर रहेका छन् । उनीहरूले नेपाली कम्युनिस्ट आन्दोलनका क्रान्तिकारी अनुभव, शिक्षा र परम्पराको आधारशिलामा उभिएर एकातिर प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्था र अर्कोतिर दक्षिणपन्थी संशोधनवादका विरुद्ध सक्दो सङ्घर्ष गर्दै र आवाज उठाउँदै आएका छन् । यो राम्रो कुरा हो । तर ती पनि एकातिर दक्षिणपन्थी अवसरवादको जबर्जस्त प्रभाव र अर्कोतिर आआफ्ना कमी, कमजारी तथा सीमालाई नाघेर अगाडि बढ्न सकेका छैनन् । यो दुःखद कुरा हो । यी सबै विषयबारे हामीले गम्भीरतापूर्वक सोच्न जरुरी छ ।

आज दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गीय प्रतिक्रियावादी राज्यसत्ता सङ्कटग्रस्त बन्दै गएको छ । संसदीय व्यवस्था र कथित लोकतन्त्रको धज्जी उडिरहेको छ । प्रतिक्रियावादी राज्यसत्ता र व्यवस्थाको रक्षाकवच बन्दै आएका दक्षिणपन्थी संशोधनवादीहरूको प्रतिक्रियावादमा पतन हुन पुगेको छ । राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू निकै भयावह र जटिल बन्दै आएका छन् । पुराना प्रतिक्रियावादी मात्र होइन नयाँ प्रतिक्रियावादीहरू पनि पश्चगामी राज्यसत्ता र व्यवस्थालाई थाम्न असफल साबित हुँदै गएका छन् । जनताको एउटा ठुलो हिस्सा क्रान्तिकारी विकल्पको खोजीमा छ । परन्तु दुःखको कुरा क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकूल बन्दै गए पनि आत्मगत परिस्थिति भने अझै प्रतिकूल नै रहेको छ ।

त्यसैले, ठीक यो बेला यदि हामीहरू सच्चा क्रान्तिकारी कम्युनिस्ट हौं भने आत्मगत शक्ति बलियो बनाउनका लागि निकै गम्भीरतापूर्वक सोच्न र एकताबद्ध हुन जरुरी छ । नेपाली क्रान्ति, जनता र इमानदार नेता तथा कार्यकर्ताहरूले क्रान्तिकारी कम्युनिस्टहरूको सिद्धान्तनिष्ठ एकताको माग गरिरहेका छन् । यो मागलाई हामीहरूले राम्रोसित सुन्न र सहर्ष स्वीकार गर्न जरुरी छ । अब हामी विभिन्न समूह तथा उपसमूहमा रमाएर र आपसी आग्रह तथा पूर्वाग्रहले ग्रसित भएर बस्नु ठीक हुँदैन । परन्तु, यदि हामी पनि नामधारी कम्युनिस्ट नै हौं भने दक्षिणपन्थतिरको यात्रा सोझ्याए हुन्छ । केही फरक पर्दैन । सच्चा क्रान्तिकारीहरूले अनेकौं आरोह-अवरोहका बीचबाट तमाम प्रतिकूलताको सामना गर्दै निश्चित रूपमा दृढ विश्वास र सङ्कल्पका साथ क्रान्तिलाई अगाडि बढाउने नै छन् । क्रान्ति कसैले रोकेर रोकिदैन, अन्ततः त्यो विजयी बन्दछ । प्रतिकूलताका ज्वारभाटाहरूका विरुद्ध संघर्ष गर्दै र प्रतिकूलतालाई अनुकूलतामा फेर्दै आवश्यक धैर्य र दृढताका साथ अगाडि बढ्नु नै क्रान्तिकारी कम्युनिस्टहरूको असली दायित्व हो । हामी यस दायित्वप्रति प्रतिबद्ध हुन जरुरी छ ।

क्रान्तिकारी कम्युनिस्टहरूको सिद्धान्तनिष्ठ एकता आजको ऐतिहासिक आवश्यकता हो । क्रान्तिकारी कम्युनिस्टहरूका बीच पार्टी एकताको आधार तयार पार्नका लागि सैद्धान्तिक, राजनीतिक तथा सांगठनिक विषयसँग सम्बन्धित निश्चित मापदण्डहरूलाई अगाडि बढाउन आवश्यक हुन्छ । यस सन्दर्भमा विशेष दृष्टि दिनुपर्ने मूल विषय यी हुन्ः (१) मार्क्सवाद-लेनिनवाद-माओवाद वा विचारधारा र महान सर्वहारा सांस्कृतिक क्रान्तिलाई अंगीकार गर्नु । (२) नयाँ जनवाद तथा वैज्ञानिक समाजवादलाई स्विकार्नु । (३) प्रतिकृयावादी राज्यसत्ता तथा व्यवस्था, संसदवाद र मन्त्रिमण्डलवादका विरुद्ध जानु, (४) बलप्रयोगको सिद्धान्तलाई अवलम्बन गर्नु, (५) सर्वहारा अन्तराष्ट्रियतावादलाई अँगाल्नु र (६) जनवादी केन्द्रीयताको सिद्धान्तलाई मान्नु । हामीले उक्त विषयमाथि गहन तथा विशद छलफल तथा बहस, विचार विमर्श र संवाद गरी एउटा निश्चित अवधिभित्र सही संश्लेषण र सकारात्मक निष्कर्षमा पुग्नका लागि गंभीरतापूर्वक प्रयत्न गर्न जरुरी छ ।

यो बेला देशमा गम्भीर एवम् जटिल बन्दै आएका राष्ट्रिय स्वाधीनता, जनतन्त्र तथा जनजीविकाका समस्याहरूको सही समाधान खोज्न, संकटग्रस्त बन्दै गएको प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाका विरुद्ध नयाँ जनवाद र वैज्ञानिक समाजवादको सशक्त विकल्प पेश गर्न, दक्षिणपन्थी संशोधनवादीहरूका नानातरहका विभ्रमहरूलाई चिर्न र क्रान्तिको आँधीवेहरी सृष्टि गर्दै अगाडि बढ्न नितान्त जरुरी छ । यसका लागि क्रान्तिकारी कम्युनिस्टहरू एकताबद्ध हुनु विशेष ऐतिहासिक आवश्यकता एवम् दायित्व बन्न गएको छ । यस यथार्थलाई गम्भीरतापूर्वक हृदयङ्गम गर्न हामी सबन्धित सबै पक्ष तथा कमरेडहरूसित विशेष एवम् विनम्र अनुरोध गर्दछौं । *भदौ २८, २०७८*

# मार्क्सवादी राजनीतिक अर्थशास्त्र समाजवादी क्रान्ति र साम्यवादको मार्गदर्शन



● हुकुमबहादुर सिंह ●

मार्क्सवादले सर्वहारावर्गको राज्यसत्ताका लागि आवश्यक पर्ने सबै पक्षहरूमा गहनतम विश्लेषण गरेको छ, जसमध्ये सर्वहारावर्गको अर्थनीति, पनि हो । मार्क्सले अंग्रेजी अर्थशास्त्रीहरूका पुँजीवादी राजनीतिक अर्थतन्त्रको विपक्षमा र यसको निरन्तरतामा राजनीतिक अर्थतन्त्र सम्वन्धी उनका सिद्धान्तहरू विकास गरेका छन् ।

मार्क्सका १८४४ देखि १८५९सम्मका पहिलेका लेखहरू मध्ये सर्वहारावर्गको अर्थनीति, पनि हो । मार्क्सले अंग्रेजी अर्थशास्त्रीहरूका राजनीतिक अर्थतन्त्रको आलोचनाका आकारमा बाहिर आएका थिए, जसमा उनले सर्वहारावर्गको अर्थनीति, पनि हो । मार्क्सले अंग्रेजी अर्थशास्त्रीहरूका राजनीतिक अर्थशास्त्रीहरूको पुँजीवाद एउटा स्थाई र सर्वव्यापी प्रणाली हो भन्ने दावीहरूलाई ठाडै प्रतिवाद गरेका छन् ।

अर्कोतीर उनले सिद्ध गरे कि पुँजीवाद केही सिमित समयका लागि अस्तित्वमा रहन सक्छ र त्यसको अन्त्य निस्चित छ र यसलाई नयाँ र उच्च सामाजिक प्रणालीद्धारा विस्तापित गरिने छ । उनको पछिल्लो आर्थिक विश्लेषण, खासगरी उनको प्रमुख कामका भोलुमहरू, पुँजीवादका आर्थिक नियमहरूको आविष्कारमा केन्द्रीत पुँजी पुँजीवादी समाजमा उत्पादनको सम्वन्धहरूको गहिरो विश्लेषण, तिनीहरूको सुरूवात, विकास र अवनतिमा मार्क्सको राजनीतिक अर्थतन्त्रको प्रमुख विषय सुँची खडा भएकोछ ।

पुँजीवादी राजनीतिक अर्थशास्त्रिहरूले सधैभरी चीजहरूबीचको सम्वन्ध त्यसको अर्थ एउटा वस्तु अर्कोसंग सट्टीपट्टिको रूपमा उनीहरूको विशलेषण बनाउने गरेका थिए । तर मार्क्सले यसलाई देखाए दिएकि अर्थशास्त्रले चीजहरूसित होइन् बरू व्यक्तिहरूबीचका सम्वन्धहरूसित व्यवहार गर्दछ र अन्तीम बाटोमा वर्गहरूबीच व्यवहार गर्दछ भन्नेमा जोड दिए ।

पुँजीवाद अन्तरगत वस्तुहरूको उत्पादनले नै प्रभुत्व गर्ने भएकाले मार्क्सले उनको विश्लेषण वस्तुहरूको विश्लेषणसित सुरू गरेका थिए । उनले देखाएकि बस्तुहरूको सट्टापट्टा चिजहरूको मात्रै सट्टापट्टा थिएन् तर वास्तवमा समाजमा व्यक्तिगत उत्पादनहरूबीच सम्वन्धको एउटा अभिव्यक्ति थियो जो बजारद्धारा जोडिएका हुन्छन् । यद्धपि बस्तुहरूको सट्टापट्टा हजारौ वर्षदेखि अस्तित्वमा रहदै आएको छ , यो केबल मुद्राको विकास र पुँजीवादको जन्मसित छ कि समग्र समाजलाई एउटा पूर्णताभित्र व्यक्तिगत उत्पादकहरूको लाखौको समग्र आर्थिक जीवनसंग जोड्दै यो उसको उच्च विन्दुमा पुग्दछ ।

पुँजीवादले मजदुरको श्रमशक्तिलाई समेत एउटा वस्तुमा बदलिदिन्छ र बजारमा स्वतन्त्ररूपले किनिने र बेचिने गरिन्छ । ज्यालादारी कामदारले उसको श्रम शक्तिलाई उत्पादनका साधनहरू, त्यो भनेको पुँजीपतिको मालिकलाई बेचिदिन्छ । कामदारले उसको कामको दिनको एक भाग उसले प्राप्त गर्ने ज्यालाको वरावरी उत्पादन गर्दै विताउछ, त्यो भनेको उसलाई आफूलाई र उसको परिवारको भरणपोषणको आवश्यक खर्चलाई उत्पादन गर्दै विताउने हो ।

मजदुरको कामको दिनको अर्को भाग पुँजीपतिको पुँजीको ग्रोथ र निर्वाहाका लागि उत्पादनमा विताइन्छ । मजदुरले पुँजीपतिका लागि जुन उत्पादन गर्दछ त्यसबाट पूर्णरूपले कुनै तलब पाउँदैन । यो अतिरिक्त मूल्य जो प्रत्येक मजदुरले उत्पादन गर्दछन्, त्यो मूल्य उसको ज्याला कमाउनलाई र आफूलाई भरण पोषण गर्न आवश्यक मूल्यभन्दा माथिको हो । मार्क्सले यसलाई अतिरिक्त मूल्य भने । यो पुँजीपति वर्गको फाइदाको स्रोत हो र धनको स्रोत पनि हो ।

अतिरिक्त मूल्यको अवधारणाको खोजले श्रमजीवी वर्गको शोषणको प्रकृतिलाई उद्घाटित गरिदियो । यसले पुँजीपति र सर्वहाराबीच प्रतिरोधको सेतलाई बाहिर पनि ल्याई दियो । यो वर्ग प्रतिरोधका पुँजीवादी समाजको आधारभूत अन्तरविरोधः उत्पादनको सामाजिक चरित्र र स्वामित्वको व्यक्तिगत चरित्रको प्रमुख दृश्य थियो । यो अतिरिक्त मूल्यको खोजलाई एङ्गेल्सव्दारा मार्क्सको दोस्रो महत्वपूर्ण खोज(इतिहासको भौतिकवादी अवधारणाको खोजसंगै ) को रूपमा संकेत गरिएको थियो । लेनिनले अतिरिक्त मूल्यको सिद्धान्तलाई मार्क्सको अर्थशास्त्रीय सिद्धान्तको कोशे ढुङ्गाको रूपमा भनेका छन् ।

मार्क्सले आवधिक अर्थतन्त्रमा हुने संकट विस्तृतमा विश्लेषण पनि गरे, जसले पुँजीवादलाई वारम्वार असर गऱ्यो । उनले पुँजीवादी संकटहरू आधारभूत अन्तरविरोधको अर्को प्रकटको रूपमा पनि वर्णन गरे । उनले यसरी बुर्जुवा अर्थशास्त्रीहरूको झुटलाई पर्दाफास गरे, जसले त्यो समयमा प्रचार गऱ्यो कि पुँजीवादले कुनै संकटको सामाना गर्न पर्दैन् किनभने वजारको सञ्चालनले नै समस्याहरूको समाधान गर्ने छ । तिनीहरूले प्रस्तुत गर्ने कोशिस गरे कि पुँजीपतिहरूद्धारा जो चीज उत्पादन गरिन्थ्यो ती वजारमा स्वतः विक्रि गरिन्थ्यो ।

मार्क्सले यसरी पर्दाफास गरे कि पुँजीवादको कामको प्रकृति आफैमा संकटतर्फ लैजाने अनिवार्य छ । उनले देखाए कि कसरी पुँजीपतिहरू उनीहरूको उदण्ड आग्रहमा बढीभन्दा बढी फाइदा लिनका लागि बहुलालेझै उत्पादन बढाउदै लगे । यद्धपि त्यही समयमा पुँजीपतिहरूले उसका कामदारहरूको ज्यालादरमा कटौती गरेर र उनीहरूलाई गरीबीतर्फ धकेलेर फाइदाको उच्च दर कायम राख्न कोशिस गरे ।

श्रमजीवी वर्गले समाजमा सबैभन्दा ठूलो भाग ओगट्छन् र श्रमजीवी वर्गको गरिबीको स्वतः अर्थ भनेको उनीहरूको वजारमा उपलव्ध सामान किन्ने क्षेमताको हस हो । यसरी एकातर्फ पुँजीपति वर्ग बजारमा पठाउने सामानहरू आपूर्ति गर्न उत्पादनलाई बढाउदै जान्छ जहाँ अर्कोतर्फ उही बजारमा क्रयताहरूको एउटा ठूलो मागको क्रय शक्ति घटाउदै जान्छ । यसले स्वाभाविक रूपमा एकातर्फ उत्पादनको विस्तार र अर्को तर्फ बजारको संकुचन बीच एउटा गम्भीर अन्तरविरोधतर्फ लैजान्छ । जसको परिणाम अति उत्पादनतर्फको संकट हुन्छ जहाँ वजारमा विक्रि नभएका सामानहरूको बाढी आइदिन्छ । अनगिन्ति पुँजीपतिहरू टाटपल्टाइमा धकेलेर जान्छन् । लाखौ कामदारहरू उनीहरूको कामबाट बाहिर फयाकिन्छन् र भोकमा तड्पीन वाध्य पारिन्छन् त्यही समयमा पसलहरू सामानहरू भरिभराउ हुन्छन् जो प्रयोग विहिन हुन्छन् किनभने त्यहाँ कोही पनि तिनीहरूलाई किन्ने हुँदैन।

मार्क्सले अझ निष्कर्ष निकाले कि पुँजीवादको यी संकटहरूको अराजकता स्वामित्वको नीजी चरित्र र उत्पादनको सामाजिक चरित्रबीच पुँजीवादको आधारभूत अन्तरभूत अन्तरविरोध समाधानद्धारा मात्र गर्न सकिन्छ । यो काम पुँजीवादी प्रणालीलाई फयाकेर र समाजवाद र साम्यवादको स्थापना गरेर र यसरी उत्पादनका साधनहरूको स्वामित्वलाई एउटा सामाजिक चरित्र दिएर मात्र गर्न सकिन्छ ।

मार्क्सले देखाए कि सामाजिक शक्ति जो सर्वहारा वर्ग थियो, पुँजीवाद आफैद्धारा क्रान्ति उत्पन्न गर्ने परिस्थितिको निर्माण गर्दछ । सर्वहारा वर्ग मात्रै थियो, जसको चाहना व्यक्तिगत स्वामित्व र शोषणको वर्तमान प्रणालीलाई निरन्तरता दिने थिएन् । उसको एक्लै समाजवाद स्थापना गर्ने चाहना र क्षेमता थियो ।

मार्क्सले विश्लेषण गरे कि कसरी पुँजीवादी प्रणालीको प्रत्येक संकटले अन्तरविरोधहरूलाई घनिभूत गर्दछ । उनले पुँजीपतिहरूका सानासाना मूठ्ठिभरका हातमा पुँजीको *बाँकी ७ पेजमा*

# शक्ति लम्सालालाई पढेपछि




● हिरामणि दुःखी ●

***शक्ति लम्सालको अर्को पाटो भनेको प्रगतिवादी साहित्य र जनपक्षीय पत्रकारिताको क्षेत्र हो । साहित्यमा उनको मुख्य विधा समालोचना हो । उनका दुई वटा कृति भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि २०२९ सालमा र मार्क्सवाद, समाज र साहित्य २०६१ सालमा प्रकाशित छन् । त्यसबाहेक उनका दर्जनौं पत्रपत्रिकाहरूमा फुटकर रचनाहरू प्रकाशित छन् । त्यसैगरी धेरै स्रष्टाहरूका कृतिहरूको भूमिका पनि उनले लेखेका छन् । उनले योजना, महिमा, जनादेश जस्ता क्रान्तिकारी जनपक्षीय पत्रिकाहरूको सम्पादकको भूमिका पूरा गरेर पत्रकारिता क्षेत्रको निकै लामो यात्रा पूरा गरेका छन्***

अशोक सुवेदीले एकदिन मेरो हातमा एउटा पुस्तकको डमि प्रति थमाइदिनु भयो । उक्त पुस्तक नेपालको प्रगतिवादी साहित्य, कला र संस्कृतिका साथै जनपक्षीय पत्रकारिताका क्षेत्रमा झण्डै आधा शताब्दी आफ्नो अमूल्य जीवन गुजारेका अथक योद्धा शक्ति लम्सालको जीवनबृत्तमा आधारित थियो । शक्ति लम्सालको जीवनी र व्यक्तित्वका बारेमा स्नाकोत्तरमा अध्ययनरत कमला सिग्देल (सुवेदी)ले गर्नुभएको सोध तथा लम्सालका बारेमा लेखिएका र लम्सालले अन्य विषयमा लेख्नुभएका रनाहरूको सङ्कलनको सङ्ग्रहका रूपमा उक्त पुस्तक तयार पारिएको छ । पुस्तकको मूल लेखकका रूपमा कमला सिग्देल रहेकी छन् भने अन्य रनाहरूको सङ्कलन अशोक सुवेदीले नै गरेका छन् । मलाई यो पुस्तकको भूमिका लेख्न निकै अप्ठ्यारो महसुस भएको छ । यस्ता पुस्तकको भूमिका खासै लेखिँदैन । यदि लेखिएको भएपनि मैले पढ्न पाएको छैन । कहाँबाट सुरु गरुँ भन्ने द्विविधामा परेको छु म । जे होस् अशोकजीले निकै अनुरोध गरेपछि जे जस्तो भएपनि लेख्नै पर्‍यो । तसर्थ यो भूमिका नभएर पुस्तक पढेपछिका मेरा अनुभूतिका रूपमा पाठकहरूले ग्रहण गर्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।

प्रस्तुत पुस्तक तीन खण्डमा रहेको छ । पहिलो खण्डमा शक्ति लम्सालका बारेमा कमला सिग्देलले गरेको सोधसामग्री रहेका छन् । दोस्रो खण्डमा शक्ति लम्सालले लेख्नुभएका समालोचकीय तथा संस्मरणात्मक रचनाहरू छन् भने तेस्रो खण्डमा शक्ति लम्सालका बारेमा लेखिएका अन्य स्रष्टाहरूका रचनाहरू रहेका छन् । त्यसका साथै फुटकर रचनाका रूपमा मार्क्सवादी साहित्य प्रतिष्ठानद्वारा शक्ति लम्साललाई सम्मान गर्दा गरिएको सम्बोधनका अंशहरू रहेका छन् । ती सम्बोधनहरू हाल नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्य 'किरण', एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल र स्वयम् शक्ति लम्सालका रहेका छन् । यी फुटकर रनाहरूलाई पनि जोड्दा प्रस्तुत पुस्तक चार खण्डको हुन आउँछ ।

नेपालको प्रगतिवादी धाराको सांस्कृतिक तथा साहित्यिक आन्दोलनमा शक्ति लम्साल अत्यन्तै परिचित नाम हो । नेपालको वामपन्थी आन्दोलनमा शक्ति लम्सालका दुई वटा पक्ष रहेका छन् । उनको एउटा पक्ष सक्रिय राजनीतिक व्यक्तित्वको पक्ष हो भने अर्को पक्ष वामपन्थी साहित्य र जनपक्षीय पत्रकारिताको पक्ष हो । उनको राजनीतिक पक्ष जीवनको पूर्वार्द्धको खण्डमा बढी सक्रिय रहेको छ भने जीवनको



उत्तरार्द्धको खण्डमा साहित्य र पत्रकारिताको पक्ष बढी सक्रिय भएर आएको छ । यद्यपि साहित्य, कला र संस्कृतिको अन्तरसम्बन्ध राजनीतिसँगै हुन्छ । त्यसो हुँदा पछिल्लो पक्षलाई राजनीतिमा जोड्न सकिन्छ । परन्तु, अघिल्लो अवधिमा उनी जे जसरी कम्युनिस्ट पार्टीको राजनीतिक सङ्गठनमा सक्रिय भूमिका खेले त्यसअनुरूपको पछिल्लो अवधिमा खेलेको पाइँदैन । शक्ति लम्सालका सम्बन्धमा मार्क्सवादी सौन्दर्यचिन्तक एवम् राजनीतिशास्त्री चैतन्यको धारणा यस्तो छ, शक्ति लम्सालको जीवन नेपालको सिङ्गो सांस्कृतिक आन्दोलन एउटा मार्क्सवादी र जनवादी सांस्कृतिक आन्दोलनको इतिहास पुरुषका रूपमा मानिन्छ । वि.सं. २००९ सालदेखि हालसम्म साहित्य, कला, चिन्तन र सिङ्गो कम्युनिस्ट आन्दोलनको क्षेत्रमा अडिग रहन सक्नु एउटा गौरवको विषय भएको छ । (अथक साधक शक्ति लम्साल, पृष्ठ १३)

प्रस्तुत कृतिमा अभिव्यक्त भएको विचारअनुरूप लम्सालले आफ्नै बाबुबाट पनि विद्रोह गरेर काठमाडौंका एउटा सामन्ती परिवारलाई चुनौती दिएका थिए । यस कृतिमा एनेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालले शक्ति लम्सालसँग पहिलो पटकको भेटमा नेपालको कम्युनिस्ट आन्दोलनबारे छलफल गर्ने क्रममा उनी सामान्य पत्रकार तथा साहित्यकार मात्र नभएर नेपाली क्रान्तिको रणनीति र कार्यनीतिको गहिरो ज्ञान समेत भएको व्यक्तिका रूपमा पाएको बताएका छन् । यसले के कुरा स्पष्ट गर्छ भने लम्साल वास्तवमा लेखक र पत्रकार मात्र थिएनन् । उनी मार्क्सवादी राजनीतिका जानकार पनि थिए । किनकि उनमा मार्क्सवादी दर्शन, सिद्धान्त र राजनीतिको गहिरो अध्ययन थियो । त्यही ज्ञान भएकै कारण उनको साहित्य निकै प्रखर थियो र पत्रकारिता पनि धारिलो थियो । त्यसैले पनि पतिक्रियावादी सत्ताले उनलाई दर्जनौं पटक गिरफ्तार गर्ने, हिरासतमा राख्ने राजनीतिक मुद्दा लगाएर जेल हाल्ने काम गरिरह्यो । उनलाई जेल र हिरासतको यातनाले कहिल्यै पनि गलाएन बरू झन्झन् दरिलो, स्पातिलो र क्रान्तिकारी बनायो ।

यस पुस्तकको प्रथम खण्डमा शक्ति लम्सालको विषयमा गरिएको कमला सिग्देलको सोधसामग्री सङ्गृहित छ । जहाँ सिग्देलले लम्सालको प्रारम्भिक परिचय, व्यक्तित्व, उनले भोगेको यातना र जेलजीवन, साहित्यिक कृतिहरू, परिशिष्ट अन्तरगत उनका अन्तरवार्ता, लेख, फुटकर कविता, निबन्ध आदि माथि गरिएका समालोचकीय टिप्पणी आदि रहेका छन् । यसरी लम्सालमाथि गरिएको सोधको कार्य पूरा भएको छ । लम्साल जस्तो अथक क्रान्तिकारी योद्धा, जो पक्षघातको रोगसँग जीवनमरणको लडाईं लडिरहेका थिए का बारेमा सोध गरेर नेपाली जनतालाई उनका बारेमा जानकारी लिन सहयोग पुर्‍याउने काम गरेकी छन् ।

२००७ सालदेखि नै राजनीतिमा प्रवेश गरेका लम्साल सानैदेखि नै वर्गसङ्घर्ष, युद्ध, क्रान्ति र आमूल परिवर्तनको उद्देश्य लिएको कुरा उनको जीवनीमा बताइएको छ । विद्यार्थी राजनीतिबाट क्रियाशील राजनीतिमा लागेका लम्साल २०१२ सालमै रूपन्देही जिल्लाको कम्युनिस्ट पार्टी सङ्गठनको जिल्ला सचिवालय सदस्य भएको कुरा यस कृतिमा उल्लेख गरिएको छ । पार्टीमा उनको छवि सरल मिजास भएको तर खरो लाइनका पक्षधरका रूपमा चिनिन्छ । उनले संशोधनवादी धाराका विरुद्ध निकै कडा आलोचना गर्दथे । र, आफूलाई जीवनभर क्रान्तिकारी धारामा उभ्याउन सफल भए । २०१८ सालमा पहिलो पटक मोहनविक्रम सिंहसँगै तौलिहवामा जेल परेका लम्साल १८ महिनापछि छुटे । त्यसपछि २०२२ सालमा पुनः भैरहवामा जेल परे । त्यतिबेला उनी किसान विद्रोहको मुद्दा झेलिरहेका थिए । २०४५ देखि ०४७ सम्म पुनः पञ्चायत विरुद्धको आन्दोलनमा जेल परे । त्यस्तै २०५२, ०५३ र ०५५ मासमेत पटकपटक शान्तिसुरक्षा ऐन अन्तरगत जेल र हिरासत बसेका शक्ति लम्साल प्रतिक्रियावादी सत्ता सामू कहिल्यै पनि झुकेनन् ।


शक्ति लम्सालको अर्को पाटो भनेको प्रगतिवादी साहित्य र जनपक्षीय पत्रकारिताको क्षेत्र हो । साहित्यमा उनको मुख्य विधा समालोचना हो । उनका दुई वटा कृति भियतनाम युद्धको ऐतिहासिक पृष्ठभूमि २०२९ सालमा र मार्क्सवाद, समाज र साहित्य २०६१ सालमा प्रकाशित छन् । त्यसबाहेक उनका दर्जनौं पत्रपत्रिकाहरूमा फुटकर रचनाहरू प्रकाशित छन् । त्यसैगरी धेरै स्रष्टाहरूका कृतिहरूको भूमिका पनि उनले लेखेका छन् । उनले योजना, महिमा, जनादेश जस्ता क्रान्तिकारी जनपक्षीय पत्रिकाहरूको सम्पादकको भूमिका पूरा गरेर पत्रकारिता क्षेत्रको निकै लामो यात्रा पूरा गरेका छन् ।

प्रस्तुत कृति निकै महत्व र गम्भीरतम प्रकृतिको छ । यस्तो मूल्यवान कृति तयार पारेर कमला सिग्देल 'सुवेदी' र अशोक सुवेदीले शक्ति लम्सालका बारेको नेपाली समाजलाई अमूल्य सम्पत्ति दिन सफल भएका छन् । यसमा उनीहरू दुवैलाई धन्यवाद छ । शक्ति लम्साल मृत्युसँग पौंठेजोरी खेलिरहेका र सक्रिय जीवनबाट ओझेल परेका बेला उनको बारेमा यति गहन कृति प्रकाशित गरिनु हाम्रा निम्ति गौरवको कुरो हो । यस्तो वेला यो कृतिले लम्साललाई बिर्सन खोजेका पाठकहरूलाई पुनः स्मरण गराउन मदत गर्ने छ । २५ चैत २०६९

*('क्रान्तिकारी साहित्य संस्कृति र पत्रकारिताका स्तम्भ शक्ति लम्साल' पुस्तकको भूमिकाबाट साभार*

## ए ! सरदार फर्केर जाउ

❑ मोदनाथ मरहट्टा



*अघोषित मृत्यु भय बोकेर*
*बहिरेछ विषालु हावा*
*अनिर्णित भविष्यको त्राशदीमा*
*उभिइरहेछ हिमाच्छादित काया*
*इतिहासको लेखोटमा*
*दर्ज हुनै लागेको एउटा जहरका विरुद्ध*
*फेरि एकपटक हामीले*
*थाप्नु पर्नेछ कटवाँसका चोटहरू*
*बोक्नु पर्नेछ गोलीका खतहरू*
*हातहरूमा जेलिन सक्छन् फलामे बाला*
*अदालती कठघरामा सल्काउनु छ धिपधिपे पाला*
*हामीसित जोल्टिएका*
*परम्परित ऐठन देखाएर*
*ढाड मुसार्दै नक्कली भोजनको थाल*
*अगाडि तेर्सिएको यो भुमरीका विरुद्ध*
*मुठ्ठी उरालेर सडकमा जल्नु छ ।*

*वर्षौंदेखि आँगनमा झ्याङ्गीएका काँडाहरू*
*भर्सेलै होस् थाँती राखौं*
*काँडा उम्रिएका भएपनि*
*यो हाम्रै माटो हो*
*झार उम्रिएको भएपनि*
*यो हाम्रै पाटो हो*
*हामी कसैको दया मायामा*
*उज्यालो बाल्न मञ्जुर छैनौं*
*बरु वालौंला*
*हाम्रै भीरको सल्लाको खोटो*
*भो हामीलाइ चाहिन्न*
*सात सागर पारिका सर्दारहरूको*
*गाडी दौडने चिल्ला सडक*
*बरु चाल्ने छौं नाङ्गा पैताला*
*पुर्खाले खनेको गोरेटोहरूमा*
*हामी हाम्रा खोरियामा*
*कागनु झुलाउँछौं*
*कोदो फलाउँछौं*
*सिंहदरबारका स्यालहरूले*
*जुठो टपरी चाटे भन्दैमा*
*ओ याङ्की ! गो होम*
*तिम्रा बाउ बाजेले*
*जहाँ जहाँ टेकेका छन्*
*त्यहाँको स्वाभिमान खोसेका छन्*
*ओ ! सरदार आफ्नो बाटो जाउ*

## ❑ साताको कविता

### बम

❑ डिल्ली थापा 'चिन्तन'



*एका बिहानै मिरमिरे उज्यालोमा,*
*एउँटा थोत्रे झोला पिठिउँमा बोकेर ।*
*झुत्रे कपडा शरिरभरी फहराउदै,*
*एक खुट्टे चश्मा नाकको टुप्पोमा अड्याएर ।*
*डोरीले कस्सिएका अधबैशे चप्पलसँगै,*
*गन्तब्यहिन यी मेरा पैतलाहरू ।*
*हर्स्याङ्ग फर्स्याङ्ग दौड्दै दौड्दै,*
*(खै आज कता लम्किरहेछन्)२ ।*

*गाउँका यी साना झोपडी छिचोल्दै,*
*एक बित्ताको साँगुरो बाटो हुँदै ।*
*तिनपाते लहराको सहाराबाट,*
*बौलाएको खोलीको पानी पिउदै ।*
*निरासाताका यी पुराना घाउँहरूमा,*
*केवल एक चिम्टी मात्र भएपनि ।*
*आशै आसको मलमपट्टी बाँधेर,*
*सुस्तरी मेरा पैतला अगाडि बढ्दै रहे ।*

*कैयौ त्रिबेणी र दोबाटाहरू पार गर्दै,*
*तिखा र धारिला ढुङ्गेतार छिचोल्दै ।*
*आँशुसँग छट्पटाएका पीडा पोख्दै,*
*मनभरी गुम्सिएका भावना लुकाउदै ।*
*त्यो अनकन्टार बिशाल जंगलबाट,*
*जब मेरा पैतला बाहिर निस्कए,*
*(अहाँ कति अनौठो दोभान)२*

*एउँटै हिमालको दुई फेदीबाट,*
*कल् कल् संगीतको आवाज भर्दै ।*
*मन्द मुस्कान अनि उमङ्ग छाउँदै,*
*आफ्नै बेगमा आई गाँसीएको दोभान् ।*
*त्यही दोभानको मध्य भेलमा,*
*बलिया तिघ्राहरूको आड भरोसामा ।*
*एक बित्ताको रातो कपडा भित्र,*
*अनौठो अनि सुनौलो (त्यो डल्लो)२ जो बम ।*

*बमको आवाजले सबै अताल्लिएका,*
*कोही डराईरहेका कोही चिच्याइरहेका ।*
*कोही उफ्रिरहेका कोही कुदिरहेका,*
*कोही रिसले आतङ्कित भएका ।*
*तर मेरा यी पैतलाहरूले,*
*पटक् पटक् बमको आवाज सहेको ।*
*७,३६,४६,५१, अनि ६२/६३ का बमहरू,*
*ती झनै खत्रानाक बमहरू ।*
*जब यी पैतलाले छेउँबाट सुस्तरी सुस्तरी,*
*दोभानको डरलाग्दो भेल पन्छाउँदै ।*
*त्यही बमको डल्लोलाई टपक्क टिपेर,*
*आफ्नो थोत्रे झोलीमा थन्क्याउन थाले ।*
*अनि तिनै पैतलाले बमको एउटा टुप्पोमा,*
*निमोठी निमोठी कुन्चिन थाले ।*
*तब भित्रबाट बिष्फोटको आवाज सुनियो,*
*म एउटा खत्रानाक बम ।*
*तर युद्दको हैन (एकताको बम)२ हो ।*

*साँच्ची त्यो बम भित्र जो थियो,*
*सुर्के गाँठोको डोरी र बलियो साँङ्लो ।*
*गौतम बुद्दको पहेलो गम्छा र,*
*महात्मा गान्धीको सेतो धोती ।*
*त्यही थियो पृथ्वीको पुरानो तरवार,*
*अमरसिंहको दोनाले बन्दुक ।*
*माओका सक्कली फोटाहरू र,*
*लेलिनको कालो कोट ।*
*सँगसँगै थिए प्रियजनका तस्बिरहरू,*
*एकताको चिन्ह अंकित झण्डा ।*
*एकताकै अमूल्य घोषणापत्र,*
*अनि मदनका महान् महावाणिहरू ।*
*तर त्यही बमको वरिपरि थिए,*
*बिषालु सर्प कालिनाग र लामखुट्टेहरू ।*
*छट्पटाई रहेका थिए बाँसोहरू,*
*अत्ताल्लिएका थिए बिदेशी बाजहरू ।*
*तरपनि बमले पटक पटक दिरहेको थियो,*
*मन्द मुस्कान अनि धुपको अनौठो बास्ना ।*

*एकताको बम भेटाएपछि,*
*लाग्थ्यो मैले अब कहिले थोत्रे झोला बोक्नु पर्दैन ।*
*झुत्रे कपडा शरिरभरी फहराउनु पर्दैन,*
*डोरीले कस्सिएका अधबैसे चप्पल र*
*एकखुट्टे चश्मा कहिले लगाउनु पर्दैन ।*
*साना झोपडीको बास र साँगुरो बाटो,*
*अनि बहुलाएको खोलीको पानी पनि,*
*कहिल्यै पिउनु पर्दैन ।*

*तर त्यो बम बमनै भयो,*
*बलियो साङ्लो र डोरी चुडियो ।*
*गौतम बुद्दको पहेलो गुम्छा र,*
*महात्मा गान्धीको सेतो धोती ।*
*माओका सक्कलि फोटाहरू र,*
*लेलिनको कालो कोट ।*
*प्रियजनका गठ्ठी तस्बिर र,*
*एकताको चिन्ह अंकित झण्डा ।*
*एकताकै अमूल्य घोषणा पत्र र,*
*मदनका महान् महावाणीहरू ।*
*सधै सधैका लागि जलाइए ।*
*पृथ्वीको त्यो पुरानो तरवार र,*
*अमरसिंहको दोनाले बन्दुक पनि ।*
*सधै सधैका लागि हराइए ।*
*वा तिम्रो एकता,*
*जनताको लागि एकता ।*
*कि तिम्रो लागि एकता,*
*केवल एकता तिम्रो लागि एकता ।*

***बारेकोट– २ जाजरकोट हाल दाङ***

### पृथ्वीनारायणको...

पुजीवादीहरूको इतिहासप्रतिको गलत र भ्रामक धारणालाई पुराका पूरा खारेज गरिदिन्छ र जनतालाई सर्वोपरि ठान्दछ । उपयुक्त प्रकारको मालेमावादी दृष्टिकोणवाट हेर्ने हो भने विप्लव नेकपाका मान्छेहरूको यसप्रकारको टिप्पणी र बुझाइ आधारभुत रूपमा गलत, भ्रामक र अधुरो रहेको कुरा दिनको घाम जस्तै छर्लङ्ग देखिन्छ ।

जहाँसम्म सुरेन्द्र भण्डारीले कमरेड विप्लवलाई हस्तान्तरण गरिएको पृथ्वीनारायण शाहको फोटोको प्रसंग छ, अतिथिको रूपमा मन्चमा आसिन गराइएका राजावादीले दिएको उपहार लिनु उनको बाध्यता हुने कुरालाई अन्यथा मानिरहनु नपर्ला । साथीहरूले यहि भने आकासै खस्ने कुरा केही पनि देखिदैन । तर त्यस घटनावाट आफु वच्नका लागि कमरेड विप्लवलाई सुरेन्द्र भण्डारीले पृथ्वीनारायण शाहको उत्तराधिकारी बन्न सुझाव दिदै उपहार लिएको बताएर व्याख्या गरिनु चाहिँ कमरेड विप्लवको आजसम्मको वलिदानीपूर्ण इतिहासको राजनीतिक हत्या गर्नु बाहेक अरु केहि देखिदैन । किन कि नेपाली जनताको वलिदान संघर्ष र क्रान्तिले पृथ्वीनारायण शाहका उत्तराधिकारी पुस्ताको औचित्यलाई महान जनयुद्ध र ऐतिहासिक जनआन्दोलन मार्फत समाप्त पारिसके जुन संघर्षको एउटा कमान्डर स्वयं कमरेड विप्लव हुनुहुन्थ्यो ।

यो कुरा विप्लव नेकपाका साथीहरूले भुल्नु आफु र आफ्नै गौरवपूर्ण इतिहासमाप्रतिको भद्दा मजाक बाहेक अरु केही पनि हुन सक्दैन। किन कि पृथ्वीनारायण शाहको राजनीतिक दर्शनको परम्पराको निरन्तरताम आउने उत्तराधिकारी ज्ञानेन्द्र पछि विप्लव होइन पारस हो भन्ने सामान्य कुरा बुझ्नु पर्दछ । हो, डा. सुरेन्द्र भण्डारीहरू आज पनि अपदस्त भई इतिहास बन्न पुगेको दरवारको हण्डि खाएर यहि प्रक्रियामा लगातार खटिरहेका छन ।

जहाँसम्म पृथ्वीनारायण शाहको मुल्यांकनको प्रश्न छ, त्यो जे हो त्यसैमा आधारित हुन जरुरी छ । वस्तुतः पृथ्वीनारायण शाहले नेपालको एकिकरणको अभियान चलाएका थिएनन। उनले गोरखा राज्यको विस्तार गरेका हुन र यहि क्रममा कतिपय छलकपटले त कतिपय सैन्यवलका आधारमा कमजोर र साना स्वतन्त्र राज्यहरूमाथि जबर्जस्त युद्ध थोपेरेर आफ्नो राज्य विस्तार गरेका थिए। जसरी भारतीय विस्तारवादले सिक्किम, तेलङ्गना लगायतका राज्यहरूको सार्वभौम कब्जा गरेको थियो । साना विकासउन्मु र कमजोर मुलुकहरूमाथिको हस्तक्षेप र उनीहरूमाथि थोपरिएको दासतालाई एकिकरणको संज्ञा दिनु सत्तासिन वर्गको इतिहासको रैती बन्नु मात्र हो ।

आज हामीले जुन भुभागलाई नेपाल भन्दैछौं, इतिहासमा त्यो नेपाल थिएन । स्वयं पृथ्वीनारायणको राज्यभिषेक भएको गोरखा राज्य पनि नेपाल होइन । उनलाई मल्लहरूले चलाएको नेपाल राज्य मन परेपछि गोरखाको पहिचान मेटाउने काम गरेर स्वयं गोरखा राज्यलाई पनि राजकीय महत्काँक्षाको सिकार बनाएका हुन। अझ शाषक हुने लोभमा आफ्नो मात्रिभुमि गोरखा लाई समेत काठमाडौंको दसत्ता लाद्न र विभेद गर्न तयार हुने राजा हुन पृथ्वीनारायण शाह ।

गोर्खा राज्यको विस्तार हुनुभन्दा पहिला ऐतिहासिक हिसावले नेपाल भन्दा ठूलाठूला राज्यहरू विद्यमान थिए । पश्चिमको खस राज्य मात्र नभएर साम्राज्य थियो । नागराजाले सुरु गरेको राज्यलाई उनका सातौ पुस्ताका राजा अशोक मल्लको पालामा आउदा खस साम्राज्य भनियो । जुन सिंजाबाट (आजको नेपाल सहित भारतका मगध देखि कामरुसम्मको विशाल भसभागसम्म फैलिएको थियो) शासन गरिन्थ्यो । जनकपुर राजधानी भएको विदेह( मिथिला) राज्यमा भारतको विहारका अधिकाँश भुभागहरू समेटिएका थिए ।

त्यस्तै पुर्वी(किराँत) लिम्वुवान राज्य अहिलेको पश्चिम बंगाल राज्यका थुप्रै पहाडी भुभाग सम्म फैलिएको थियो। अझ कोचिला राज्यको त राजधानी नै रंगालीमा पर्दथ्यो । इतिहासमा ती राज्यको पहिचान र सार्वभौमको प्रश्न कस्ले उठाउने ? सायद ती राज्यहरू काठमाडौंको दासताको जंजीरमा नबाधिएको थिए भने आफ्नो मात्रिभुमिको रक्षा गर्न आफै सक्षम हुने थिए होलान भन्न सकिन्न र ? जसरी आज बंगालदेश र पाकिस्तान बेलायती उपनिवेशको दलदलभित्रवाट स्वतन्त्र राष्ट्रमा बदलिन सक्षम बने। किन कि विजेता राज्यलाई अपदस्त राज्यको भुमिप्रति जसरी माया हुदैन त्यसरी नै पराधिन र दासत्तामा बाच्न विवस पारिएका जनताहरू पनि स्वाभिमानको मुक्त संघर्षमा विजेता बन्न सक्दैनन । आजको आधुनिक नेपालका थुप्रै तत्कालीन अस्तित्वमा रहेका राज्यहरूको भुभाग जोगिन नसक्नुको एउटा महत्त्वपूर्ण कारण यस्लाई पनि मान्न सकिन्न र ?

यहाँ अर्को जान्नुपर्ने सवाल के छ भने पृथ्वीनारायण शाहले एकिकरणको भावनाले गोरखा राज्यको विस्तार गरेका होइनन। कमजोर राज्यहरूमाथि जबर्जस्त थोपरिएको युद्ध जीतमा परिणत हुँदै जाँदा अहिलेको नेपाल कायम रहेको हो। उनले वि. स. १८१८ देखि १८३१ सम्मको आफ्नो शासनकालमा गोरखावाट काठमाडौं उपत्यकाका साथै नुवाकोट र मकवानपुर सम्म जित हासिल गरेका थिए । उनको मृत्यु पश्चात् उनका नाति रण बहादुर शाहको नायवी लिएको बेला कान्छा छोरा बहादुर शाहले चतुर्‍याइँ र सहासपुर्वक पुर्वको टिष्टा र पश्चिमको काङ्गडा सम्म अभियान पुर्‍यएका थिए। पछि बहादुर शाह दरवारभित्रको षड्यन्त्रको शिकर भएर मारिएपछि अंग्रेजसंगको युद्ध शाह बंसको योजना बाहिर बाघ भिमसेन थापा, अमरसिंह थापा, दामोदर पाण्डे , भक्ति थापा र बलभद्र कुवँरहरूले लडेका थिए। उनीहरूको यो स्वाभिमानको लडाइँमा पुर्ववत राज्यका सम्पूर्ण जनता सामेल भएर युद्धमा लडिरहेका थिए। यहि बेला नाति भिमसेन थापालाई हातमा लिएर शाह वंशीय राजाले अंग्रेज संग सुगौली सन्धि गर्न पुगे ।

सुगौली सन्धिको विरोध गर्न प्रतिबन्ध लगाएर शाहवंशीय शासकहरू अंग्रेज शासकसामु आत्मसमर्पण गर्दा उनीहरूका प्रतिनिधिहरूले नेपालको समग्र तराईलाई समेत छोडेर सम्झौता गरि खस, विदेह, कोच र लिम्वुवान राज्यका जनतामाथि गद्दारी गरेर त्यहाको अधिकांश भुभाग अंग्रेज शाषकको पोल्टामा हालिदिने काम गरे । सुगौली संधिको केही समय पछि जनतामा पैदा हुँदै गएको रोष कम गर्न पुर्वी तराईका केही जिल्ला र जंग बहादुरको पालामा पश्चिम नेपालका पाँच जिल्ला नेपाललाई दिन अंग्रेज शाषक बाध्य भए । तैपनि ती प्राप्त गरेका भुभागको कैयौं गुणा बढि भुभाग यहाँका तत्कालीन शाहवंशीय साशकहरूका कारण गुमेको प्रष्ट देख्न पाइन्छ । यस्तो किन भयो भने शाहवंशीय शाषकलाई काठमाडौं वाहेकका राज्यको कुनै माया थिएन भने ती राज्यका जनतालाई स्वाभिमान र मुक्ति युद्ध गरेर आफ्नो मात्रिभुमिको रक्षा गर्ने कुनै अधिकार थिएन। शाहवंशीय शासनको असलियत खास अर्थमा यहि हो ।

हामीले अहिले बुझनैपर्ने कुरा के हो भने, आजको नेपालका बहुसंख्यक नेपाली जनता समयक्रममा नेपाली बनाइएका र त्यसपछि नेपाली भएका हुन । यसरी नेपाली बन्दै जाने क्रममा हामीलाई नेपाली भन्न गर्व लाग्न थाल्यो र आज हामी नेपालीको नामले आफ्नो परिचय दिने ठाउँमा उभिएका छौ। यो परिचयलाई फेर्नु पर्छ आज कसैले भनेको छैन फेर्ने पक्षमा पनि कोहि छैन । शासकहरूको कारण जति रित्तिनु परेपने नेपाल र नेपाली भनिने पहिचान हाम्रो लागि दासनुबृतिकै मार्गवाट भएपनि गौरवशाली बन्न पुगेको छ यतिबेला । तर यो चिजप्रतिको हाम्रो आजको भावनाले पैदा गरेको गौरबको जस पृथ्वीनारायण शाहलाई दिइनु ईतिहास प्रतिको भद्दा मजाक मात्रै हुन्छ। यसको जस त उत्पिडनमा परेका र दासनुभावले थलापरेका देशका तमाम उत्पिडित वर्गको विचमा पैदा भएको भावनात्मक सम्बन्धले पैदा गराएको पहिचान भएको कारण यसको जस लिने पनि समग्र न्यायप्रेमी जनसमुदाय मात्र हुन सक्छन ।

अन्तमा जहाँसम्म आज राजावादीको भुमिकाको प्रश्न छ, त्यो निकै खतरनाक छ। यहाँ बुझ्नुपर्ने कुरा के छ भने दलाल संसदीय व्यवस्था गलत छ त्यो साँचो कुरा हो र यसको विरोध गर्नु पर्छ त्यो झन साँचो हो । तर यो व्यवस्थाको विरोध गर्ने सबै ठिक छैनन त्यो पनि उत्तिकै साँचो कुरा हो। यहाँ एकथरी अग्रगामी राजनीतिक रूपान्तरण सहित नयाँ जनवाद हुँदै वैज्ञानिक समाजवादमा जानको लागि यो व्यवस्थाको विरोध गरिरहेका छन भने अर्काथरी "राजा आऊ देख बचाउँ भन्ने नारासहित पुनः उत्थानवादी सोचका साथ यो व्यवस्थाको विरुदमा लागिरहेका छन। हामीले प्रतिगामीहरूवाट यो व्यवस्थाका उपलब्धिलाई बचाउदै नयाँ व्यवस्थाको लागि वर्गसंघर्षमा सहभागी हुन आवश्यक छ। किन कि अग्रगामी शक्तिहरूको संसदवादमाथिको विजयले मात्रै नयाँ जनवाद र वैज्ञानिक समाजवादको जित सुनिस्चित हुन सक्छ ।

जहाँसम्म डाक्टर सुरेन्द्र भण्डारीको प्रश्न छ उनी र बालकृष्ण न्यौपाने मिलेर राजतन्त्र पुनर्स्थापनाको लागि भनेरै उनीहरूले "नेपालका लागि नेपाली अभियानँ नामक राजनीति संगठन खोलेका हुन । जति नटकिय कुरा गरेपनि प्रतिगामीहरू देशभक्त हुदैनन भन्नेकुरा विगतका उनीहरूका राष्ट्रघाती हर्कतहरूवाट पनि छर्लङ्ग हुन्छ । यो स्थितिमा विप्लव नेतृत्वको नेकपाले यति महत्वका साथ उनलाई आफ्नो कार्यक्रमको मन्चमा किन स्थान दियो भन्ने प्रश्न चाहिँ अहिलेको निकै चासोसंग जोडिने प्रश्न हो । किन कि हामीसँगै सहकार्य गरिरहेका कैयौं :एमसीसी विरोधी संगठनहरू पनि अस्तित्वमा हुदाहुदै उनीहरूको सट्टा कट्टर राजावादी संगठनलाई महत्त्वका साथ मन्चासिन गराउने कुरालाई सामान्य अर्थमा मात्रै बुझ्ने कम्जोरी गर्नु उपयुक्त नहोला ।

तर पृथ्वीनारायण शाहको फोटो यति महत्त्व र सम्मानका साथ मन्चमा अतिथिको रूपमा वोइसकेपछि उसले दिएको उपहारलाई घोषित रूपमा बहिष्कार गर्न अफ्ट्यारो हुनुलाई स्वभाविकै ठान्दा होला कि !! तसर्थ बहस अथिथिले ल्याएको उपहार थाप्नुपर्ने बाध्यात्मक विषयलाई नबनाउँ। बरु यी प्रतिगामी र राजावादीसंगको विप्लव कनेक्सन र त्यससंग जोडिएको राजनीतक उदेश्य के हो ? खोज अनुसन्धान र बहस त्यतातिर लैजाउँ । त्यो सत्य होइन रहेछ भने राम्रै भैहाल्यो, यदि हो रहेछ भने पनि राजनीतिमा स्पष्टताको ठूलो महत्त्व हुन्छ । धन्यवाद !!

### मार्क्सवादी...

केन्द्रीकरणले ल्याउने प्रत्येक संकटका प्रक्रिया वर्णन गरे । यसले मजदुरहरूको विशाल जनसमूहको दुःख र असन्तुष्टिमा अचाक्ली वृद्धि सँग सँगै अगाडि बढे, जतिजति पुँजीवादको अन्तरविरोधहरू पेचिलो हुन्थ्यो सर्वहाराको क्रान्तिकारी परिवर्तनशील शक्तिमा बढोत्तरी हुन्थ्यो, अन्त्यमा क्रान्तिमा पुँजीवादीहरूको पुँजीको अपहरण र उत्पादनको सामाजिक चरित्रलाई सुहाउदो स्वामित्वको एउटा सामाजिक चरित्रसंग मिल्दो एउटा समाजवादी समाजको निर्माणलाई परिणाम दिने काम गर्दथ्यो ।

यसप्रकार, मार्क्सले समाजवादी क्रान्ति र साम्यवादको मार्गका निम्ति वैज्ञानिक अर्थशास्त्रको समग्र पक्षलाई बाहिर ल्याएका छन् । जो वर्तमानमा पनि समाजवादी क्रान्ति र साम्यवादको मार्गका निम्ति अति उपयोगी मार्गदर्शन बनिरहेको छ । *singhhukum683@gmail.com*

### यसकारण...

उच्च र जिल्ला अदालतले सर्वोच्च अदालतले प्रत्यायोजित गर्ने अधिकार प्रयोग गर्नेछन् ।

अमेरिकामा कुनै राज्यका न्यायाधीश राज्यबाट निर्वाचित हुन्छन्, कुनै प्रदेश सरकारले नियुक्त गर्छ । एकात्मक चरित्रको न्यायपालिकाको व्यवस्था वास्तवमा संघीयताकै मान्यताविपरीत छ । साथै, राजनीतिक भूमिका हुने संवैधानिक अदालतको भूमिका पनि सर्वोच्च अदालतलाई दिइएकाले सर्वोच्च अदालत स्वेच्छाचारी बन्न सक्छ । जसको अनुभव नेपालले विगतमा प्रधानन्यायाधीशलाई कार्यपालिका प्रमुख बनाएर गरिसकेको छ ।

***लोकतान्त्रिक शासन पद्धतिविपरीत***

शासकीय व्यवस्थालाई बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली भनिएको छ, संविधानमा । संसदीय शासन प्रणालीको जननी ब्रिटेनमा प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन पाइन्छ, तर प्रधानमन्त्रीले आफूप्रति विश्वासको मत परीक्षण गराउन संसद् भंग गरेर ताजा जनादेश लिन सक्छन् । तर, यो संविधानमा प्रधानमन्त्रीका विरुद्ध दुई वर्षसम्म अविश्वासको प्रस्ताव दर्ता गर्न पाइन्न, प्रधानमन्त्रीले पनि संसद् भंग गर्न सक्दैन । यो शासकीय स्वरूप, न संसदीय छ न राष्ट्रपतीय, बरु यो वर्णशंकरीय छ । यसले तानाशाह जन्माउन सक्ने ठाउँ दिएको छ । हिटलर पनि निर्वाचनबाटै जन्मेका थिए । जनताले अत्यधिक चाहेको राष्ट्रपतीय शासन पद्धतिलाई भने संविधानमा स्थान दिइएन ।

संघीयता सुविधा मात्र होइन, शासकीय अधिकार र सत्तामा साझेदारीको हक पनि हो । तर, यो संविधानमा आदिवासी जनजाति, मधेसी तथा अल्पसंख्यक समुदायका लागि प्रदेश/क्षेत्रको शासनमा शासकीय अधिकार र केन्द्रमा साझेदारी हकको ग्यारेन्टी गरेको छैन । संविधानमा राज्यले नै प्रायोजित रूपमा पछाडि पारेको उत्पीडित समुदायलाई अल्पकालका लागि दिइने अग्राधिकार, विशेषाधिकार, सकारात्मक विभेदको गन्धसमेत छैन ।

विभेद र उत्पीडनमा परेका समुदायका लागि समावेशी नीतिअन्तर्गत संविधानप्रदत्त आरक्षणजस्ता सीमित सुविधा पनि कार्यान्वयनको प्रक्रियामा सरकारले बेइमानी गरेर विभेद र उत्पीडनमा परेका समुदायलाई वञ्चित गरिएको उदाहरण लोकसेवा आयोगले स्थानीय तहका लागि गरेको कर्मचारी भर्नालाई लिन सकिन्छ ।

*(लेखक अखिल नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष हुनुहुन्छ ।)*

### नेपालको...

हितमा हुने गरी संविधान घोषणा गर्नुपर्दछ भन्ने थियो । यो कोण प्रगतिसिल र अग्रगामी कोण थियो ।

संविधानको विरोध गर्नेमा दोस्रो प्रकारको कोण पनि थियो । त्यो कोण भनेको प्रतिगामी कोणबाट थियो । यो संविधान जारि गर्दा भारतीय शासक वर्गको पनि विरोध थियो । भारतीय विस्तारवादी शासक वर्गको यो विरोध नेपालको सार्वभौमिकता माथिको ठाडो हस्तक्षेप थियो । भारतीय शासक वर्गको विरोधको बावजुत पनि संविधान जारी गर्ने कुरा सकारात्मक हुँदाहुँदै पनि त्यसले नेपालका उत्पीडित वर्ग, जाति, समुदाय र क्षेत्रको हितलाई सम्वोधन गर्न सकेन । यो नै यो संविधानको सवै भन्दा ठूलो कम्जोरी हो ।

यो संविधानले घोषणा गरेको नयाँ कुरा भनेको सामन्ती राजतन्त्र र केन्द्रीकृत एकात्मक हिन्दु राज्यको ठाउँमा संघियता, गणतन्त्र र धर्म निरपेक्षता हो । यो संविधानले घोषणा गरेको संघियता, गणतन्त्र र धर्म निरपेक्षता तुलनात्मक रूपमा प्रगतिशिल कुरा हो । यसलाई हामीले सकरात्मक रूपमा लिनु पर्दछ । नेपाली जनताले पहिचान र समार्थ्य आधारमा संघियता खोजेका थिए । तर यो संविधानले व्यवस्था गरेको संघियतामा पहिलो कुरा पहिचान र समार्थ्यको आधारमा नभएर कथित ठूला भनिने तत्कालिन नेका, एमाले र माओवादी केन्द्रले चुनाव जित्ने आधारमा प्रदेशहरूको विभाजन गरेको छ ।

दोस्रो कुरा प्रदेशहरूलाई जुन प्रकारको अधिकारहरू दिनु पर्दथ्यो त्यो दिएको छैन । ठीक त्यसरी नै हिन्दु राज्यको ठाउँमा धर्म निरपेक्षता घोषणा गर्नु सही कुरा थियो । तर संविधानमा स्पस्टिकरण राखेर घुमाउरो रूपबाट देशलाई पूर्ण धर्म सापेक्ष बनाउन खोजिएको छ । जस्तो संविधानको स्पस्टिकरणमा भनिएको छ "धर्म निरपेक्षता भन्नाले सनातन देखी चल्दै आएको धर्म सस्कृतिको संरक्षण लगायत धार्मिक, साँस्कृतिक स्वतन्त्रता सम्झनु पर्दछ ।"(नेपालको संविधान, पृष्ठ-२) यस प्रकारको स्पस्टिकरणको कुनै आवश्यक्ता छैन, त्यसलाई हटाउनु पर्दछ ।

यो संविधानले सामान्य जनताहरूलाई भ्रममा पार्न मिठा मिठा शब्दहरूको प्रयोग गरेको छ । तर गहिरिएर विश्लेषण गर्दा त्यसले भनेको भन्दा ठीक उल्टो चित्र अगाडि आउछ । जस्तो प्रस्तावनामा भनिएको छ " लोकतान्त्रिक मुल्य र मान्यतामा आधारित समाजवाद प्रति प्रतिबद्ध रहि समृद्ध राष्ट्र निमार्ण गर्नु"(नेपालको संविधान, पृष्ठ-१) । समाजवाद प्रति प्रतिवद्ध रहि समृद्ध राष्ट्र निमार्ण गर्ने कुरा राम्रो हो तर समाजवाद प्रति प्रतिवद्ध रहने कुरा जनतालाई भुक्याउन राखेको शब्द हो ।

त्यही प्रस्तावनामा भनिएको छ "सामन्ति, निरँकुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सृजना गरेका सबै प्रकारका विभेद र उत्पिडनको अन्त्य गर्दै"(उही पृष्ठ-१) । तर प्रस्तावनामा कतैपनि पूँजीवादी राज्य व्यवस्थाले सृजना गरेको विभेद र उत्पिडनलाई अन्त्य गर्ने कुरा गरेको छैन । पूँजीवादी व्यवस्था र समाजवादी व्यवस्था दुई भिन्न व्यवस्था हुन । एकातिर समाजवाद प्रति प्रतिवद्धता जायर गर्ने अर्कोतिर पूँजीवादी व्यवस्थालाई अन्त्य गर्ने कुरा नगर्ने भनेको सारमा पूँजीवादी व्यवस्थालाई नै समृद्ध गर्ने कुरा हो । समाजवाद प्रति प्रतिवद्धर रहने कुरा चाही जनतालाई भुक्याउन राखेको कुरा मात्र हो ।

वि.स २००७ सालदेखी अहिले सम्म जे जति राजनीतिक परिवर्तनहरू भए, ती परिवर्तनहरूबाट राज्य सत्ता शोसक वर्गको हातबाट श्रमिक वर्गको हातमा गएको छैन । वि.स २००७ सालदेखी अहिलेसम्म जे जति संविधानहरू निमार्ण भए ती सबै संविधानहरू शोसक वर्ग-दलाल तथा नोकरशाही पूँजीपति र सामन्त वर्ग-को हितमा काम गर्नकालागी एउटा वैधानिक दस्तावेज मात्र बने । वि.स २०७२ सालमा जारी भएको यो संविधान पनि त्यसैको निरनतरता मात्र हो । यो संविधानले पनि तीनै शोसक वर्गको हितको रक्षा गर्दछ । त्यसकारण यो संविधानले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको पक्षमा काम गर्न सक्दैन भन्ने कुरा यो ६ वर्षको अनुभवले पनि पुष्टी गर्दछ ।

अहिले मानिसहरू यो व्यवस्थाको विकल्पको बारेमा नै कुरा गर्न थालेका छन् । यो व्यवस्थाको विकल्पको कुरा गर्नु भनेको यो संविधानको विकल्पमा पनि कुरा गर्नु हो । यो संविधान नेपाली देशभक्त तथा श्रमिक वर्ग तथा उत्पीडित जाति, आदिवासि जनजातिहरूको हितमा छैन भन्ने कुरा झन पछि झन प्रस्ट हुदै गहिरहेको छ । संविधानको विषयमा नै यस प्रकारको संकट आउन थालेपछि संविधान संशोधनको कुराहरू पनि उठ्न थालेका छन् । कैयौं राजनीतिक पार्टीहरूले संशोधनको माग राखेर आन्दोल पनि गर्ने गरेका छन् । तर संविधान संशोधनबाट अहिलेको समस्याको समाधान कुनै हालतमा पनि हुन सक्दैन । यो संशोधन भनेको त फाटेको कपडामा टालो हाल्नु मात्र हो । यो संविधानको सही विकल्प भनेको यसको खारेजी र जन संविधानको निर्माण हो । नेपाली श्रमिक वर्ग र उत्पिडित जात जाति, आदिवासी जनजाति तथा पिछडिएको क्षेत्रको हितमा काम गर्ने हो भने यो संविधानलाई खारेज गर्नुपर्दछ र जन संविधान बनाउनु पर्दछ । यो बाहेक नेपाली श्रमिक वर्ग उत्पिडित जाजजाति, आदिवासी जनजातिहरूको अगाडि अर्को कुनै विकल्प छैन ।

२०७८/०६/०३

### बाँकेको...

जुलुस सहित विरोध सभा सम्पन्न भएको छ । राष्ट्रघाती एम.सी.सी सम्झौता खारेजीको माग गर्दै उक्त विरोध कार्यक्रम सम्पन्न भएको हो ।

उक्त विरोध सभाको अध्यक्षता नेकपा माओवादी केन्द्र समाजवादीका नेता शालिकरामले गर्नु भयो भने कार्यक्रमको संचालन नेकपा मसालका नेता जगदीश ढकालले गर्नु भएको थियो ।

देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालकी केन्द्रीय सदस्य लक्ष्मी चौलागाईले कार्यक्रमको दहिलो उघार्दै एमसिसि सम्झौता नेपाली स्वाधीनताको अगाडि भिमकाया पहाड जत्तिकै गरि ठुलो समस्याको रूपमा उभिएको छ यसलाई पल्टाउनका निम्ति एउटा राजनीतिक दल मात्रले सम्भव छैन यसकारण सयुक्त मोर्चामा सम्पूर्ण देशभक्त क्रान्तिकारी व्यक्ति वा दलहरू गाउँदेखि शहरसम्म जुट्दै आन्दोलनको आँधीवेहरी सृजना गर्नुपर्ने आवश्यक्ता रहेको कुरा प्रस्ट पार्दै सम्पूर्ण जनसमुदायलाई जनआन्दोलनमा लामबद्द हुन आवहान गर्नुभयो । यतिमात्र नभई एमसिसि सम्झौता खारेज गर्न अन्तरास्ट्रिय जगतमा पनि कुटनैतिक पहल गर्न आवश्यक रहेको कुरा माथि जोड दिनुभयो भने दलालहरूले यदि यो सम्झौता खारे नगरे नेपाली जनताले उनीहरूका टाउका काटेर सडकमा फुटबल खेल्ने कुरा दर्शाउदै होसियार रहन सुझाउनुभयो ।

नेकपा (क्रान्तिकारी माओवादी ) का पिवीएम एवं लुम्बिनी प्रदेशका सचिव भुपेन्द्र न्यौपानेले सम्बोधनका क्रममा एमसीसी राष्ट्रघाती भएको कुरा थुप्रै तथ्यहरूले पुष्टि गरिसकेको छ । अबको बहस एमसीसी इण्डो-प्यासिफिक स्ट्राटेजीको अंग हो या होइन र यो राष्ट्रघाती छ वा छैन भन्ने कुरामा होइन । अब यो इण्डो-प्यासिफिक स्ट्राटेजीको अगं हो । राष्ट्रघाती पनि छ । जनता पनि यसका विरुद्धमा सडक संघर्षमा आइसकेको अवस्था हो भन्ने कुरा प्रस्ट पार्नुभयो ।

त्यसैगरी कार्यक्रम मसालका नेता एवं प्रतिनिधि तुलसी सापकोटा , देजमोका केन्द्रीय सदस्य, नेकपा ( माओवादी केन्द्र समाजवादी ) का नेता नरेश शाही लगायतका नेताहरूले पनि सम्बोधन गर्नु भएको थियो ।

### एमसीसी...

गर्दै कोणसभा सम्पन्न भएको छ । कार्यक्रमका प्रमुख बक्ता लुम्बिनी प्रदेश सचिव संकुलले ञअअ परियोजना नेपाली जनताको आबस्यकता भन्दा पनि अमेरिकी साम्राज्यवादको चाहना अनुसार भएकोले यो राष्ट्रघाती सम्झौता रहेको बताउदै सम्पूर्ण जनता यसको खारेजीका लागि एकजुट हुनु पर्ने कताउनु भयो । उहाँले ञअअ का उपाध्यक्ष फातिमा सुमार रित्तै हात फर्केको नभई ञअअ पास गर्न केही नयाँ दलालहरू समेत नियुक्ति गरेर फर्केको हुँदा निकट भबिस्यमा ती दलालहरू जनताको अगाडि नांगिने समेत दाबी गर्नु भयो । एमसीसी चीनलाई घेर्ने हिन्द प्रशान्त रणनीतिको एक अंग भएको र यो सम्झौता कुनै पनि हिसाबले नेपालको हितमा नरहेकोले तत्काल खारेज गरिनु पर्नेमा जोड दिनुभयो ।

क्रान्तिकारी युवा लिग नेपाल का महासचिव दिल बहादुर कठायतले ञअअ सम्झौताले देश अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूको रणमैदान बन्ने स्थिति रहेको र राष्ट्रिय स्वाधीनतामा गम्भीर आच आउने तत्काल खारेज गर्न जोडदार माग गर्नुभयो । उहाँले यदि नेपाली जनताको राष्ट्रभिक्तपुर्ण आन्दोलनलाई बेवास्ता गरियो भने युवा लिग चुप लागेर नबस्ने चेतावनी समेत दिनु भयो ।

कार्यक्रमको सञ्चालन नेपाल कम्युनिस्ट पार्टी प्रदेश सदस्य तिलक बिकले गर्नुभएको थियो ।

### क्रान्तिकारी...

नेकपा (क्रान्तिकारी माओवादी) निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाले आयोजना गरेको पत्रकार सम्मेलनमा सम्बोधन गर्दै यस्तो बताउनु भएको हो । धनुषाको जनकपुरमा आयोजित पत्रकार सम्मेलनमा पत्रकारहरूले सोधेको प्रश्नको जवाफ दिंदै उहाँले केपी ओली र शेरबहादुर देउवाको मात्र असफलता नभएर यो सिंगो राजनीतिक व्यवस्था वा प्रणाली र आफुलाई कम्युनिस्ट दावी गर्ने संशोधनवादीहरूको पनि असफलता भएको ठोकुवा गर्नुभयो ।

उहाँले संसदवादी दलका नेताहरू अधिकांशमा राष्ट्रवादी होइन, राष्ट्रद्रोही चरित्र देखिएको भन्दै राष्ट्रद्रोही नेताहरू सत्तासिन हुने यो व्यवस्था रहेसम्म देशको स्वाधीनता, सार्वभौमिकतार अखण्डता सँधै खतरामा रहने बताउनु भयो । उहाँले सच्चा देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारीहरूले सडकमा गरेको आन्दोलनको दबाबका कारण एमसीसी अहिलेसम्म पास नभएको र लिम्पयाधुरासहितको चुच्चे नक्सा पनि त्यही आन्दोलनको दबाबका कारण आएको दाबी गर्नु भयो । उहाँले सडकबाट क्रान्तिकारी माओवादीले राष्ट्रिय स्वाधीनताको नेतृत्व गरिरहेको बताउनुहुँदै सच्चा देशभक्त, वामपन्थी, कम्युनिस्ट क्रान्तिकारीहरूको बृहत् आन्दोलन संगठित रूपमा उठान गर्न पहल गरिरहेको पनि जानकारी दिनु भयो ।

सोही पत्रकार सम्मेलनमा मधेसी राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष विरेन्द्र यादवले मोर्चाको सम्पन्न केन्द्रीय समितिको बैठकले गरेका निर्णयहरू सार्वजनिक गर्नु भएको थियो । मोर्चाले राष्ट्रिय स्वाधीनता (एमसीसी खारेजी, अतिक्रमित भूमि फिर्ता लगायत), संगठन विस्तार तथा सदस्यता वितरण, मधेश आन्दोलनका विषयमा रहेका कतिपय विभ्रमहरू र संसदीय व्यवस्थाले थोपरेको महंगी, भ्रष्टाचार, कमिसनखोरी, कालोबजारी, बेरोजगारी लगायतका समस्याहरूका बारेमा विरोध तथा भण्डाफोरका कार्यक्रमलाई तीव्रता दिने निर्णय गरेको छ । जनकपुरमा सम्पन्न मोर्चाको बैठकमा नेकपा (क्रान्तिकारी माओवादी)का प्रवक्ता प्रतीक, पीवीएम तथा प्रदेश २का इन्चार्ज कृष्णदेवसिंह दनुवार लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

## आलोपालो

# पृथ्वीनारायणको फोटो र विप्लव राजनीति

*कम्युनिस्ट आन्दोलन बाहिर पनि यसको तिव्र बहस चलिरहेको संदर्भमा यसले कम्युनिस्ट आन्दोलनभित्र समेत प्रवेश पाएको यो विषयको बारेमा काफि मात्रामा बहस हुन जरुरी छ । मेरो बुझाईमा दोस्रो मध्यममार्गी बुझाईले त्यतिठूलो महत्त्व राख्दैन जता मावल ढल्किन्छ त्यतै आफ्ना मतहरू प्रकट गर्दछ। तर पहिलो र तेस्रो विचारले चाहिँ निकै ठूलो अर्थ राख्दछ। तसर्थ यस छोटो टिप्पणीमा दोस्रो मतको बारेमा टिप्पणी गर्न खासै जरुरी नठानेर पहिलो र तेस्रो मतको वारेमा चर्चा गर्ने प्रयत्न गरिने छ*



● अशोक शर्मा ●

विप्लव नेकपाद्वारा आयोजित काठमाडौंको एक कार्यक्रममा राजावादी वकिल डाक्टर सुरेन्द्र भण्डारीले विप्लवलाई हस्तान्तरण गर्दै गरेको पृथ्वीनारायण शाहको फोटो मैले सामाजिक सन्जालमा पोष्ट गरेको थिए। मैले यो प्रश्नलाई विश्वदृष्टिकोणसंग सम्वन्धित प्रश्न बताएको थिए। यस प्रश्नमा कमरेड विप्लवको दृष्टिकोण के हो ? यस सम्वन्धि बाहिर धारणाहरू छरपस्ट भइसक्दा समेत उहाँको यस सम्वन्धमा प्रष्ट दृष्टिकोण बाहिर आइसकेको छैन। यो विषयसंगको प्रश्नमा उहाँको आधिकारिक धारणा नआईकन हामीले विप्लव कमरेड र उहाँले नेतृत्व गरेको नेकपा सम्वन्धि ठोकुवा सहितको धारणा वनाउनु अलि हतारो हुनेछ भन्ने लाग्छ। तैपनि सामाजिक संजाल आज यहि फोटोको वरिपरि संकेन्द्रीत भइरहेको अवस्थामा कैयौं विषय र प्रसंगहरू सतहमा आउनुलाई स्वभाविक नै ठान्नु पर्दछ।

यतिवेला नेपाली कम्युनिस्ट आन्दोलनमा यो फोटोको प्रसंगसंग जोडिएर तीनवटा मतहरू प्रतिनिधि मतको रूपमा आएका छन।

पहिलो मत विप्लव नेकपासंग जोडिएका मान्छेहरूको मत, उनीहरूको अधिकांशको मत के रहदै आएको छ भने नेपालको एकीकरण पृथ्वीनारायण शाहले गरे अब उनले गर्न बाँकी रहेको कार्यभार कमरेड विप्लवको काँधमा आयो भनेर सुरेन्द्र भण्डारीले पृथ्वीनारायण शाहको फोटो विप्लवलाई हस्तान्तरण गरेका हुन तसर्थ यसको विरोध गर्नु सहि हुदैन।

दोस्रो मत विभिन्न पार्टी भित्र रहेका मध्यमार्गी चिन्तन बोकेका मान्छेहरूको मत, उनीहरूको मत अनुसार पृथ्वीनारायण नेपाल राष्ट्रका निर्माणकर्ता भएको कुरामा कसैले विमति राख्नु हुदैन। उनलाई सबैले आदर सत्कार र सम्मान गर्न सक्ने दृष्टिकोण वनाउनु पर्छ। र अग्रगमन स्वतन्त्रता र स्वाभिमानको पक्षमा आवाज उठाउदै आएकाहरूको हो।

तेस्रो मत, जस अनुसार पृथ्वीनारायण शाह राष्ट्र निर्माता, एकताका प्रतीक नभएर इतिहासको एउटा कालखण्डमा पैदा भएका उच्च महत्वकाँक्षि क्रुर तथा हिंस्रक शाषक हुन जस्ले नेपालका थुप्रै स-साना स्वतन्त्र र सार्वभौम राज्यहरूमाथि बहुवलको आधारमा धावा वोले र उनिहरलाई दासतापुर्वक आफ्नो अधिनमा ल्याए जसको पक्षपोषण गर्नु न्यायसंगत हुदैन।

कम्युनिस्ट आन्दोलन बाहिर पनि यसको तिव्र बहस चलिरहेको संदर्भमा यसले कम्युनिस्ट आन्दोलनभित्र समेत प्रवेश पाएको यो विषयको बारेमा काफि मात्रामा बहस हुन जरुरी छ। मेरो बुझाईमा दोस्रो मध्यममार्गी बुझाईले त्यतिठूलो महत्त्व राख्दैन जता मावल ढल्किन्छ त्यतै आफ्ना मतहरू प्रकट गर्दछ। तर पहिलो र तेस्रो विचारले चाहिँ निकै ठूलो अर्थ राख्दछ। तसर्थ यस छोटो टिप्पणीमा दोस्रो मतको बारेमा टिप्पणी गर्न खासै जरुरी नठानेर पहिलो र तेस्रो मतको वारेमा चर्चा गर्ने प्रयत्न गरिने छ।

प्रथमतः कम्युनिस्टहरूसंग मालेमावादी विश्वदृष्टिकोण हुन्छ। यसले राष्ट्र र इतिहासको निर्माता उत्पिडित तमाम जनसमुदायलाई ठान्दछ। राजा महाराजालाई नवीन इतिहासको बाधक ठान्दछ। त्यसको ठिक विपरीत सामन्तवादी तथा पुजीवादी दृष्टिकोणले व्यक्ति र शक्तिशाली पुरुषलाई ईतिहासको निर्माता जनताहरूको भाग्य विधाता र भविष्यको भाष्यकर्ता ठान्दछ। इतिहासप्रतिको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणले यसप्रकारको सामन्तवादी तथा

बाँकी ७ पेजमा


## महामारीको बेला चाडबाड मनाउँदा ध्यान दिनुपर्ने कुराहरू

- सम्भव भएसम्म बजार र आफन्तकोमा नजाऔं,
- सामान खरिद गर्न जानै परे भीडभाडबाट बचौं, भौतिक दूरी कायम गरौं,
- घरबाहिर निस्कनै परे मास्कको अनिवार्य प्रयोग गरौं,
- घर फर्किएपछि सकभर नुहाउने वा साबुनपानीले हात, मुख, गोडा राम्रोसँग धोऔ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
**विज्ञापन बोर्ड**








**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं।